## भारतीय एसएसबीको ज्यादती

काठमाडौं । भारतबाट स्वदेश फर्केका नेपाली भारतीय सीमा सुरक्षा बल (एसएसबी) बाट कुटिएका छन् । दार्चुलाको खलंगास्थित सीमा पुलबाट घर फर्केका महाकाली-१, छ्रापरीका नन्दनराम लुहारलाई एसएसबीले अभद्र व्यवहार गर्दै कुटेको बताइएको छ । नेपाल प्रहरीका डीएसपी नवराज अधिकारीले एसएसबीको कुटाइबाट लुहारको आँखामा चोट लागेको बताए । घटनापश्चात भारतीय प्रहरी अधिकारी जिल्ला प्रहरी कार्यालयमा पुगेर सामान्य **बाँकी ८ पेजमा**

जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal Weekly
साप्ताहिक

## खड्काले दिए राजीनामा

काठमाडौं । नेपाल आयल निगमका कार्यकारी निर्देशक गोपालबहादुर खड्काले ६ महिला कार्यकाल बाँकी हुँदै पदबाट राजीनामा दिएका छन् । जग्गा खरिद भष्टाचार काण्डमा मुछिएपछि मन्त्रालय तानिएका खड्काले बिहीबार पत्रकार सम्मेलनमा राजीनामाको घोषणा गरेका हुन् । खड्कालाई ९ महिनाअघि सरकारले बर्खास्त गरेको थियो । **बाँकी ८ पेजमा**

वर्ष ७ अंक ८, २०७५ साल जेठ २५ गते शुक्रबार, नेपाल संवत् ११३८ (june. 8, 2018) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

# पुँजीवादको गाडी चढेर समाजवादको यात्रा

ओली, प्रचण्ड जोडीको सय दिने कार्यकालमा भएको उपलब्धिलाई निर्धक्कसँग रेखांकित गर्न सकिँदैन । यद्यपि ओली सरकारमाथि नागरिकको भरोसा भने टुटिसकेको छैन । यही भरोसा नै प्रधानमन्त्री केपी ओलीको सबैभन्दा ठूलो शक्ति हो ।

'समृद्ध नेपाल, सुखी नेपाल' को नारा दिएर देशको कायापलट गर्ने अभिष्टता पालेका ओलीले फेरि पनि जनतालाई मनोरेल र पानीजहाजको सपना बाँडिरहेका छन् । ओली सरकारको हनिमुन पिरियडको सबैभन्दा ठूलो उपलब्धि यातायातको सिन्डिकेट अन्त्य नै हो । तर यसले मात्र जनताको अधुरो आशा र बेचैनी भावलाई सम्बोधन गर्न सक्दैन । निदाएको सपना होइन ब्युँझिँदै देखिएको सपना साकार पार्नतर्फ सरकारको ध्यान केन्द्रित हुनुपर्छ ।

अपेक्षाको कुनै सीमा हुँदैन । कैयौं पटक सक्षम सरकारका लागि जनआकांक्षाको कसौटीमा खरो उत्रन मुस्किल हुन्छ । सरकारले सामाजिक माहोललाई सकारात्मक बनाउन विशेष ध्यान दिन सकेको छैन । समृद्धि र विकासको जनचाहनालाई पूरा गर्न सरकार जुन गतिमा अघि बढेको भनिरहेको छ, त्यसको छनक समेत देखिएको छैन । नेपाली जनजीवन विविध सिन्डिकेट र कार्टेलमा निस्सासिइरहेको छ । विधिवत रुपमा यी सबैको अन्त्य नभएसम्म समृद्ध नेपाल सुखी नेपालको सरकारी लक्ष्य पूरा हुन सक्दैन ।

नेपालको संविधानको प्रस्तावनामा नेपाललाई समृद्ध राष्ट्र बनाउन समाजवादप्रति प्रतिबद्ध रहने भनिएको छ । संविधानको धारा ४ मा नेपाल राज्यको परिभाषा गर्दा समाजवाद उन्मुख राज्य भनिएको छ । कार्यमार्क्सले प्रतिपादन गरेको समाजवादको समकालीन भाष्य वर्गीय, जातीय र लैंगिक भेदभावबाट मुक्त समाजको स्थापना हो । यस्तो व्यवस्थामा मानव सशक्तीकरण अवस्था उच्चतर हुन्छ । संविधानले परिकल्पना गरेको समाजवाद पनि त्यही हो र सरकारको अभिष्टता पनि पक्कै यही हुनुपर्छ ।

सरकारको नीति तथा कार्यक्रममा विकासको प्राथमिकताको निक्र्यौल गरेको भए पनि बजेटमा विकास प्राथमिकीकरण गर्न सरकार चुकेको छ । विगतमा निकै अलोकप्रिय र आलोचित रहेको सांसद



विकास कोषको निरन्तरताले सरकारको विकासप्रतिको चाहनालाई भुत्तो सावित बनाइदिएको छ । सामाजिक सुरक्षाबापत ज्येष्ठ नागरिकको जीवन बिमा एक असल पक्ष भए पनि ज्येष्ठ नागरिक भत्ता वृत्ति नगरिनुले ज्येष्ठ नागरिकहरु बेचैन छन् । जनताको दैनिक जीवनलाई प्रत्यक्ष प्रभाव पार्ने स्थानीय र प्रदेश सरकारको महत्वपूर्ण भूमिकालाई प्रभावकारी बनाउन यी सरकारको क्षमता अभिवृद्धि र समन्वयका लागि संयन्त्रको सुदृढीकरणतर्फ सरकारको पहल देखिएको छैन । संघीय सरकारले स्थानीय र प्रादेशिक सरकारको अधिकार र कार्यक्षेत्रमाथि अंकुश लगाउन खोज्दैछ । विकास सम्पूर्ण जनताको साझा प्रयासले मात्र सम्भव हुन्छ । सरकारले देशका सबै जनतालाई सहभागी गराउने र सबैका लागि अवसर सिर्जना गर्ने नीति नबनाएसम्म समाजवादको पांग्रा गुड्न सक्दैन ।

देशभित्र पाँच लाख रोजगारी सिर्जना गर्ने भनिए पनि त्यसको आधारबारे केही खुलाइएको छैन । दिनहुँ एक हजार सात सय ६९ जना युवाहरु रोजगारीको खोजीमा खाडी मुलुक लगायत अन्य देशहरुमा गइरहेका छन् । श्रम विभागको तथ्यांकमा ४१ लाख युवाहरु विदेश गएको देखिए पनि यो संख्या अझै बढी छ । भारतको बाटो भएर सिरिया, लेबनान, ट्युनिसिया, ओमन, बहराइन लगायत अफ्रिकी मुलुकहरुमा समेत नेपाली युवतीहरु बिक्री भइरहेका छन् । तिनीहरुको तथ्यांक श्रम विभागमा पाइँदैन । छिमेकी मुलुक भारतमै नेपाली चेलीहरु देहव्यापारका लागि दिनहुँ बिक्री भइरहेका छन् । भारतमा कति संख्यामा नेपाली चेलीहरु देहव्यापारमा संलग्न छन् भन्ने एकिन संख्या छैन । अर्कोतिर संघीय संसदभित्रै महिला सांसद आफू दलित भएका कारण राजधानीमा डेरा नपाएको गुनासो गर्छिन् । सहकारीमा आबद्ध गराएर १० लाख रुपैयाँको अनुदानले छुवाछूत र बहिष्कारको मारमा परेका दलित समुदायको जीवनस्तरमा र सामाजिक जीवनमा कुनै फरक पर्दैन । दलित, सीमान्तकृत र महिलाहरुको उत्थान र विकासका लागि सरकारले कुनै कार्यक्रम ल्याउन सकेको छैन । सरकारले जबसम्म आमूल रुपान्तरणकारी कदम चाल्दैन तबसम्म जातीय विभेद र छुवाछूत जस्ता कुप्रथाको अन्त्य सम्भव छैन । सरकारले प्रस्ताव गरेको १३ खर्ब १५ अर्ब १६ करोड १७ लाख रुपैयाँ खर्च गरे पनि महिला, दलित र सीमान्तकृत समुदायको सामाजिक आर्थिक पक्षमा कुनै परिवर्तन आउने देखिँदैन । नेपाली समाजको कलंकका रुपमा रहेको छाउपडी, जातीय छुवाछूत, दाइजो प्रथा, मानव बेचबिखन, बालविवाह, बोक्सी, लागूऔषध कारोबार, भ्रष्टाचार र तस्करी उन्मूलनका लागि केन्द्र, प्रदेश र स्थानीय सरकारले क्रान्तिकारी कदम नउठाएसम्म समाजवादको राजमार्ग पहिल्याउन सकिँदैन । कम्युनिस्टहरु आवधिक निर्वाचनमार्फत

**बाँकी ८ पेजमा**

## महिलाले दिए फोहोर उपहार

काभ्रे । नगरपालिकाभित्र थुप्रिएको फोहोर नउठाएपछि स्थानीवासीले बनेपा नगरपालिकालाई फोहोर उपहार दिएका छन् । महिलाहरुको समूहले नगरपालिकालाई व्यङग्यात्मक रुपमा फोहोर उपहार दिएका हुन् । नगरपालिका कार्यालयभित्रै उनीहरुले ' फोहोर नगरपालिकालाई' भन्दै छोडेर हिँडेपछि कर्मचारीहरु ट्वाल्ल परेका थिए । पैसा तिर्दा पनि दुई सातादेखि फोहोर नउठाएपछि स्थानीयवासी नगरपालिकाप्रति आक्रोशित भएका हुन् ।

महिलाहरुले स्थानीय सरकारले जनताको समस्याप्रति ध्यान समेत नदिएको गुनासो गरेका छन् । बनेपा नगरपालिकाका प्रमुख लक्ष्मीनरसिंह वादेले बनेपाका समस्या बिस्तारै हल हुँदै गएको र यी समस्या पनि समाधान हुने बताए ।

## कहिले आउला भारतीय रेल

काठमाडौं । नेपाल र भारतबीच रक्सौलदेखि काठमाडौंसम्म विद्युतीय रेलमार्ग सम्पन्न गर्न पूर्वतयारी समेत न्यूनतम ६ वर्ष लाग्ने भएको छ । रेल विभागका अनुसार पूर्व तयारीलाई एक वर्षमा सम्पन्न गरी अगाडि बढ्दा पनि अबको ६ वर्षमा मात्र रक्सौल भएर गुड्ने भारतीय रेल काठमाडौंसम्म ल्याउन सकिनेछ ।

नेपाल भारतबीच भएको सहमतिअनुसार रक्सौल काठमाडौं विद्युतीय रेलमार्गको प्रारम्भिक सर्वेक्षण एक वर्षभित्र सम्पन्न गर्ने लक्ष्य निर्धारण गरिएको छ । नेपालले काठमाडौं-रक्सौल रेलमार्गको सम्भाव्यता अध्ययन गरिसकेको हुन्थ्यो भने तयारीको काम वर्ष दिन छिटो हुने थियो ।

ठूला आयोजनाका लागि तयारीको काम गर्न समय लाग्ने गरेको छ, सम्भाव्यता अध्ययन, विस्तृत आयोजना प्रतिवेदन र ठेक्का लगाउने काम सम्पन्न गर्न नै दुई वर्ष लाग्ने अनुमान छ । भारतले रेलमार्ग निर्माणका लागि कति रकम दिने ऋण दिने वा अनुदान दिने कुन देशको निर्माण कम्पनीले काम गर्ने जस्ता विषय टुंग्याएपछि मात्र निर्माणको चरणमा प्रवेश गर्नेछ ।

भारतीय सहयोगमा निर्माण भइरहेको भारतको जयनगरदेखि नेपालको विजयपुरसम्म ५२ किलोमिटरमा रेल गुडाउने लक्ष्य छ । भारत सरकारको सहयोगमा निर्माण भइरहेको जयनगर-जनकपुर-बर्दिबास (६९ किमि) मध्ये जयनगर-जनकपुर-विजयपुर (५२ किमी) को ट्र्याक बेड तथा स्ट्रकचर राख्ने काम अन्तिम चरणमा पुगेको छ । विजयपुरादेखि बर्दिबास (१७ किमि) खण्डको पनि तयारी काम भइरहेको छ ।

## काम चोर ठेकेदार भागाभाग

काठमाडौं । पावर र पैसाको भरमा ठेक्कापट्टाको काम हात पार्ने अनि समयमा काम सम्पन्न नगरी आयोजनाहरु अलपत्र पार्ने ठेकेदारहरु गृहमन्त्री रामबहादुर थापा 'बादल' को कडा कदमपछि भागभाग गर्न थालेका छन् । यस्तै कामचोर ठेकेदारको सूचीमा प्रचण्डका घरधनीए शारदाप्रसाद अधिकारी पनि परेका छन् । समयमै काम सम्पन्न नगर्ने निर्माण व्यवसायीको सूची पठाउन गृहमन्त्रीले दिएको निर्देशन अनुसार जिल्ला प्रशासन कार्यालय भक्तपुरले अधिकारीसहित १० जना निर्माण व्यवसायीलाई कारबाहीका लागि सिफारिस गरेको छ ।

अधिकारीको शैलुङ कन्स्ट्रक्सनले शक्ति र पैसाको आडमा आकर्षक आयोजनाहरु हात पार्दै आएको छ । शैलुङले भक्तपुरको कमल विनायकदेखि नगरकोटसम्मको सडक विस्तार गर्ने ठेक्का चार वर्षअगाडि नै लिएको भए तापनि अहिलेसम्म पूरा गर्न सकेको छैन ।



बाटो अलपत्र पारेका कारण पर्यटकीय क्षेत्र नगरकोट जाने यात्रुले धूलो र हिलोको सास्ती झेल्नुपर्छ भने स्थानीय जनता अझ बढी पीडित भएका छन् । ०७१ साल जेठमा सडक निर्माण सुरु गरेर ७३ को असारभित्रै काम सम्पन्न गर्नुपर्ने भए तापनि ७५ को असार लाग्ने बेलासम्म पनि सडक बनेको छैन ।

भारतको एक्जिन बैंकले उक्त सडक निर्माण गर्न २८ करोड सहयोग गरेको थियो । सडक त्यसै अलपत्र गरेपछि शैलुङ कन्स्ट्रक्सनलाई कालो सूचीमा राखेर भक्तपुर जिल्ला प्रशासनले कारबाहीको सिफारिस गरेको छ । यसैबीच पत्रकारहरुले प्रचण्डका घरबेटी ठेकेदारलाई कारबाही गर्नुहुन्छ ? भनी गृहमन्त्री बादललाई प्रश्न गरेका थिए । मन्त्रीले जस्तोसुकै **बाँकी ८ पेजमा**

## सिंचाइ योजना उद्घाटन



कैलाली । गत हप्ता बुधबार जेठ १६ गतेका दिन नेकपा (माले) का पोलिटब्युरो सदस्य तथा सुरेन्द्र ढकाल प्रतिष्ठानका अध्यक्ष सुरेन्द्र ढकालले कैलाली जिल्ला घोडाघोडी नगरपालिका वडा नं ९ रामशिखरझाला उत्तरटोलमा निर्मित हरियाली सिंचाइ बोरिङ आयोजनाको उद्घाटन गर्नुभयो । **बाँकी ८ पेजमा**

**समय–सन्दर्भ**

## इपिजी बैठक १९५० को सन्धि र सीमा विवाद

■ **सुस्मिता राणा**

नेपाल भारत सम्बन्धका सबै पक्षबारे छलफल गरेर प्रतिवेदन दिन दुई वर्षअघि गठित प्रबुद्ध व्यक्ति समूह (इपिजी) को समयावधि अब एक महिना मात्र बाँकी छ । इपिजीको अन्तिम एवं नवौं बैठक १५ र १६ असार अर्थात् जुलाई २९ र ३० मा काठमाडौंमा बस्दैछ । इपिजीको समयावधि असार २० गते सकिँदैछ । सन् १९५० को नेपाल भारतबीचको शान्ति तथा मैत्री सन्धिको प्रतिस्थापन र खुला सीमा नियन्त्रणबारे साझा धारणा बन्नेमा सर्वत्र आशंका गरिँदैछ । आठौं बैठक बस्दा समेत यी विषय टुंगिन सकेका छैनन् । २९ र ३० चैतमा दिल्लीमा बसेको इपिजीको बैठकमा सन् १९५० को नेपाल भारतबीचको सन्धि र नेपाल भारत सीमा नियमनको विषयमा आठ घन्टा छलफल भए पनि निष्कर्ष निस्किएन । सीमा नियमनको विषय भन्दा पनि १९५० को सन्धिको प्रतिस्थापन वा पुनरावलोकनमा सर्वाधिक जनचासो देखिनु स्वाभाविक छ ।

तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराई २०६८ ३ देखि ६ कात्तिकमा भारत भ्रमणमा थिए । सोही भ्रमणका समयमा १९५० को सन्धि लगायत दुई पक्षीय सबै सम्बन्धको समग्र समीक्षा गर्न नेपाल भारत दुवैतिरका विज्ञ सम्मिलित समूह गठन गर्ने सहमति भएको थियो । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको पहिलो नेपाल भ्रमणका क्रममा २० साउन २०७१ म भएको संयुक्त समझदारी पत्रमा समूह गठनका लागि एक एक लाख डलर बजेट र इपिजीको दुई वर्ष कार्यकाल तोकिएको थियो । नेपालले २०७२ पुसमा चार सदस्य तोक्यो ८ फागुन २०७२ मा भारतले पनि चार सदस्य घोषणा गर्‍यो । नेपालबाट डा. भेषबहादुर थापा, निलाम्बर आचार्य, सूर्यनाथ उपाध्याय र डा. राजन भट्टराई सदस्य छन् । भारतबाट भगसिंह कोस्यारी, महेन्द्र पी लामा, जयन्तप्रसाद र डा. बीसी उप्रेती सदस्य छन् । इपिजीको पहिलो बैठक २० र २१ असार २०७३ मा काठमाडौंमा बसेको थियो । बैठकको पहिलो एजेन्डा सन् १९५० को शान्ति तथा मैत्री सन्धि थियो ।

प्रथम कम्युनिस्ट प्रधानमन्त्री मनमोहन अधिकारी १०-१४ अप्रिल १९९५ मा दिल्ली भ्रमणमा गए । अधिकारी र तत्कालीन भारतीय प्रधानमन्त्री पिभी नरसिंह रावबीच भएको दुईपक्षीय वार्तामा सन्धिबारे कुराकानी भयो तर ठोस सहमति केही पनि भएन । यो असमान सन्धिका बारेमा भारतसँग औपचारिक रुपले नेपालको तर्फबाट कुरा गर्ने पहिलो प्रधानमन्त्री मनमोहन नै थिए । विशेष गरी नेपाली कम्युनिस्टहरुले यस सन्धिलाई पहिलेदेखि नै असमान सन्धि भन्दै आएका छन् । तर नेपाली कांग्रेसले यो सन्धिका विषयमा आफ्नो धारणा कहिल्यै सार्वजनिक गरेको छैन । ०४६ सालको जनआन्दोलनपछि नेपाली कांग्रेसका संस्थापकमध्येका नेता कृष्णप्रसाद भट्टराई राजा वीरेन्द्रबाट प्रधानमन्त्रीमा नियुक्त भए । यिनी ८-१० जनवरी **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

सम्पादन सहयोगी : गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल/धर्मराज पौडेल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
Visit : www .youtube .com Surendra Dhakal Social Activist

## सम्पादकीय

# विश्व वातावरण दिवसको सार्थकता

सदाझैँ यसपटक पनि जुन ५ अर्थात् विश्व वातावरण दिवसको अवसरमा प्रधानमन्त्रीका साथै वातावरणसम्बन्धी सरोकार राख्नेहरूले भाषण गर्नेदेखि वृक्षारोपण गर्नेसम्म गरेर वातावरण दिवस मनाउने औपचारिकता पूरा गरे । विभिन्न विद्यालयका कलिला नानीहरूले हातमा प्लेकार्ड बोकेर वातावरण बचाउ भन्ने सन्देश दिँदै सडकमा निस्किए । वातावरणप्रति चेतना जगाउन एक दिनको वातावरण दिवस मात्र पर्याप्त नभए तापनि विश्वभर बिग्रिएको वातावरण सुधार्न सबैले लाग्नुपर्छ भन्ने सन्देश भने वातावरण दिवसले सम्प्रेषण गर्ने गरेको छ । प्रधानमन्त्री केपी ओलीले सिंहदरबार परिसरमा अबोकाडो र लिचीको बिरूवा रोप्दै सिंगो नेपाललाई नै फलफूलको बगैंचा बनाउने उद्घोष गरे । ललितपुरको एउटा कार्यक्रममा ४५ प्रतिशत वन संरक्षण गरेर मरूभूमिसम्म अक्सिजन पुर्‍याएको भन्दै प्रधानमन्त्रीले वातावरण दूषित बनाउने काम नेपाल जस्ता राष्ट्रले भन्दा पनि विकसित राष्ट्रले गरिरहेको बताए ।

औद्योगिक राष्ट्रहरूले विकासमा गरेको प्रतिस्पर्धा नै वातावरण खलबल्याउन जिम्मेवार रहेको छ । कार्बनडाइअक्साइड लगायतका ग्यासको अत्यधिक उत्सर्जनले वातावरणमा नराम्रो क्षति पुर्‍याएका कारण पृथ्वी दिनानुदिन तातिने क्रम बढिरहेको छ । ग्लोबल वार्मिङ्का रूपमा परिभाषित गरिएको पृथ्वी तातिने क्रमका कारण नेपाललाई पनि गम्भीर रूपको पर्यावरणीय क्षति पुर्‍याइरहेको छ । एक जना वैज्ञानिकले त अबको ८० वर्षपछि सगरमाथा समेत हिउँविहीन कालापहाडमा परिणत हुने भविष्यवाणी गरेका छन् । हामीले देखिरहेका थुप्रै हिमालहरू हिउँविहीन बनिसकेका छन् भने हिउँ पग्लिने क्रमले हिमतालहरू फुट्ने सम्भावना पनि रहेको छ । हाम्रो पानीको मूल स्रोत हिमालयहरू नै भएका कारण भविष्यमा पानीको ठूलो संकट झेल्नुपर्ने अवस्था आउन सक्छ । अहिले पनि थुप्रै ढुंगेधारा र पानीका मूलहरू सुकिरहेका छन् । पहाडी क्षेत्रमा पानीको अभाव भएका कारण सिंगो बस्तीहरू विस्थापित भएका समाचार आउने गरेका छन् ।

पर्यावरणीय सन्तुलन बिग्रिएपछि त्यसको प्रभाव कृषि उत्पादनमा पनि नराम्रोसँग परिरहेको छ । तापक्रमको मात्रा अनुसारको वातावरणमा फल्ने फलफूलहरूले आफ्नो थाँतथलो परिवर्तन गरेका छन् । औलामा फल्ने आँप, कटहर अलि माथिसम्म फल्न थालेको छ भने फलफूलमा नयाँ नयाँ रोग र कीराको प्रकोप बढिरहेको छ । त्यसैगरी मानिस र जीवजन्तुले पनि विभिन्न खाले प्रकोप र रोगव्याधि झेल्नु परिरहेको छ । पृथ्वीको उत्पादन शक्तिमा ह्रास आइरहेको छ भने अत्यधिक मात्रामा रासायनिक मल, विषादिको प्रकोपले माटोको गुणस्तर पूरै बिग्रिएको छ । बाढी, पहिरो, भूक्षय जस्ता समस्या बढिरहेका छन् । खण्डवृष्टि, अधिक वृष्टि जस्ता असन्तुलित वर्षा हुने क्रम बढेको छ । पृथ्वीलाई जोगाएर अझ सुन्दर र आकर्षक बस्नन लायक बनाएर नयाँ पुस्तालाई हस्तान्तरण गर्ने गहन दायित्व सबैको काँधमा रहेको छ ।

पर्यावरण भन्नेबित्तिकै हाम्रो वरिपरिको वातावरणलाई पहिला सम्झनुपर्छ । हरियालीपूर्ण, स्वच्छ वातावरण भयो भने त्यहाँ हामीले छुट्टै खालको आनन्दको अनुभूति गर्छौं । बढ्दो शहरीकरण, अव्यवस्थित बसोबास, योजनाविहीन ढंगको विकास निर्माणका कारण हामीले फेर्ने श्वासको गुणस्तर नराम्रोसँग बिग्रिएको छ भने तरकारी, फलफूल र अन्न उत्पादनमा प्रयोग गरिएको रासायनिक मल र विषादीले हाम्रो खानामा समेत नराम्रो प्रभाव पारेको छ । जनावरलाई लगाइने भ्याक्सिन, खुवाइने दानाले पनि दूध, मासु जस्ता कुरामा प्रभाव पारिरहेको छ । त्यसैगरी प्लास्टिकजन्य सामग्री र झोलाहरूको अत्यधिक प्रयोगले खोलानाला, वन, पाखा प्रदूषित भइरहेका छन् । एक हजार वर्षसम्म सडिने समय लाग्ने प्लास्टिक झोला प्रयोगमा प्रतिबन्ध लगाउन आवश्यक छ । त्यसैगरी द्रुत विकासको लक्ष्य बोकेको हाम्रो देशले विकास गर्दा विनाश ननिम्त्याउने ढंगले गर्नेतर्फ सोच्न आवश्यक छ । नदीनाला प्रदूषणमुक्त बनाउने, वन जंगल, जीवजन्तुको संरक्षण गर्ने, पानीका स्रोतहरूको संरक्षण गर्ने, सहर बजारमा पनि हरियाली गर्ने खालको काम गरेमा मात्र पर्यावरणको संरक्षण हुन सक्छ । अन्यथा एक दिन मात्र वातावरणबारे सोचेर भोलिपल्टदेखि चुप लागेमा त्यसको केही अर्थ रहँदैन ।

# केका लागि चाहियो दुईतिहाईको बहुमत ?

सुरेन्द्र ढकाल
पोलिटब्युरो सदस्य
(नेकपा माले)



राजा वीरेन्द्र र ज्ञानेन्द्र रहुञ्जेल नागरिकता विधेयकमा लालमोहर लागेन । जति जति पटक भारतीय गुप्तचर संस्था रअका एजेन्टका सरकारहरुले यस विधेयकलाई संसदबाट पास गरी दरबारमा लालमोहरको लागि पठाउँथे अनि रायको लागि भन्दै राजाहरुले यस विधेयकलाई सर्वोच्च अदालत पठाउने गरेकै कारण नेपालको राजसंस्था भारतको आँखामा कसिंगर बन्न पुगेको थियो । किनकी नेपाललाई बैधानिक रुपबाटै सिक्किम बनाउने ग्राण्ड डिजाइनमा खुला सीमाको कारण नेपालमा रहेका एक करोड भारतीय आप्रवासीहरुलाई पहिलो चरणमा नेपाली नागरिकता दिलाउने, दोस्रो चरण जनसंख्याको आधारमा मात्रै निर्वाचन क्षेत्र कायम गर्ने, तेस्रो चुनावमा अथाह धन प्रयोग गरी चुनाव जिती दुईतिहाई बहुमत पुऱ्याउने अनि अन्त्यमा बहुमत संसदबाटै नेपाललाई सिक्किमझैँ भारतमा विलय गराउने रणनीति रअको थियो । सो कुरालाई नेपाली राजाहरुले राम्रै बुझेका थिए र यसैकारण उनीहरुले नागरिकता विधेयकमा लालमोहर लगाउन मानेनन् । यसैको फलस्वरुपले रअका नेपाली एजेन्टहरुले मिलेर नेपालको राजसंस्था ढाल्ने भन्दै एकातर्फ षडयन्त्रको तानाबाना बुन्न थाले भने अर्कोतर्फ माओवादी जनयुद्धको उठान गरे । यसमा रअका एजेन्टहरुलाई सफलता मिल्दा वीरेन्द्रको वंश विनाश भयो भने उनीहरुबीच भएको १२ बुँदे दोस्रो दिल्ली सम्झौताको कारण ज्ञानेन्द्र गद्दीच्युत हुन पुगी नेपालमा गणतन्त्रको स्थापना हुन गयो । गणतन्त्र स्थापना हुनासाथ बसेको रअका एजेन्टको बहुमत भएको संसदले नागरिकता विधेयक पास गरी पहिलो चरणमा २०६३ सालमा १ करोड भारतीय आप्रवासीमध्ये औपचारिक रुपमा ४३ लाख भनिए तापनि ६४ लाख भारतीयहरुलाई नेपाली नागरिकता वितरण गऱ्यो । नेपालमा एक करोड भारतीय आप्रवासी छन् भन्ने कुरा कुनै नेपालीले बंग्याएको तथ्यांक होइन, त्यो प्रमाण भारतीय गृहमन्त्री राजनाथले सार्वजनिक सभामै पेस गरेका हुन् भने गत सातामात्रै भारतीय विदेशमन्त्री सुष्माले जनकपुर गएर मोदीले एक करोड भारतीयहरुलाई सम्वोधन गरे भनेर दोस्रो पटक प्रमाणित गरेकी छिन् । भारतीय गृहमन्त्री र विदेशमन्त्रीको औपचारिक भनाइलाई आधार मानेर अब २०६३ सालमा ती भारतीय आप्रवासीहरुलाई वितरण गरिएको नेपाली नागरिकता खारेज गरी उनीहरुलाई भारततर्फ लखेट्ने बेला आएको छ ।

**भारतीय गृहमन्त्री र विदेशमन्त्रीको औपचारिक भनाइलाई आधार मानेर अब २०६३ सालमा ती भारतीय आप्रवासीहरूलाई वितरण गरिएको नेपाली नागरिकता खारेज गरी उनीहरूलाई भारततर्फ लखेट्ने बेला आएको छ ।**

भारतले नेपालको संसदको प्रचण्ड बहुमतले अनुमोदन गरेको संविधानलाई नमानी नेपाललाई आर्थिक नाकाबन्दी पनि त्यसैको कारण गरेको थियो । ऊ एक मधेस एक प्रदेश चाहन्थ्यो र भूगोलको आधारमा नभई जनसंख्याको आधारमा मात्रै निर्वाचन क्षेत्र कायम होस् भन्ने चाहन्थ्यो । सो कुरा संविधानमा उल्लेख नभएकै कारण नेपाललाई घुँडा टेकाइ दबाब दिएर संविधान संसोधन गर्न चाहन्थ्यो । तर परिस्थितिले भारतलाई साथ दिएन । त्यसैले उसले तत्कालीन ओलीको सरकार भत्काइ शेरबहादुरको सरकार बनायो अनि शेरबहादुरको सरकारले भारतले भने बमोजिम संविधान संसोधनको प्रस्ताव संसदमा निणयार्थ पेस पनि गऱ्यो । यसो गर्दा भारतले महाकाली सन्धिजस्तै सो प्रस्ताव दुईतिहाईबाट अनुमोदन हुन्छ भन्ने सोचेको थियो तर भएन । नहुनुको कारण सत्ताच्युत भएका ओली र उसको दल एमालेले महाकालीमा जस्तो त्यतिखेर राष्ट्रघात गरेन । संसोधन प्रस्ताव अनुमोदन नभएकै कारण भारतले नयाँ रणनीति अख्तियार गरी पहिलो चरणमा माओवादी र एमालेलाई मिलायो र दोस्रो चरण फोरमलाई पनि त्यसमा लगेर गाँसी संसदमा दुईतिहाईको बहुमत बनाएको खतरापूर्ण अवस्था छ अहिले ।

सामान्यतया सरकार चलाउन ओली र प्रचण्डलाई दुईतिहाईको कुनै आवश्यकता थिएन । दुईतिहाई खोज्नुको सकारात्मक आवश्यकता भनेको निम्नानुसारका कुरा आउँछन् :

१) एमाले-माके मिलेपछि उनीहरुले सार्वजनिक गरेको वक्तव्यमा यो दलको मार्गदर्शक सिद्धान्त मार्क्सवाद र लेनिनवाद भएको उल्लेख गरेका छन् । यदि यो कुरा सत्य हो भने लेनिनले जस्तै अब यो दुईतिहाई बहुमतको आधारमा संविधान संसोधन गरी चीन, उत्तर कोरिया र क्युवाको जस्तै जनगणतन्त्रात्मक संविधान बनाउनु पऱ्यो ।

२) जनगणतन्त्रात्मक भएपछि स्वतः राष्ट्रपति कार्यकारी हुने व्यवस्था भइहाल्छ ।

३) यदि यो दुईतिहाई बहुमत नेपाली जनताले सोचेको जस्तै राष्ट्रवादी शक्तिको बहुमत हो भने यसले २०६३ सालमा र तत्पश्चात वितरण गरिएको नागरिकता खारेज गरी भारतीय गृहमन्त्री राजनाथ र विदेशमन्त्री सुष्माले भनेजस्तै नेपालमा रहेका एक करोड आप्रवासी भारतीयहरुलाई भारततर्फ नै लखेट्नु पऱ्यो ।

दुईतिहाई बनाउनुको नकारात्मक आवश्यकता भनेको निम्नानुसारका कुरा आउँछन:

१) भारतले चाहेबमोजिम संविधान संसोधन गरी एक मधेश एक प्रदेश बनाउने अनि जनसंख्याको आधारमा मात्रै निर्वाचन क्षेत्र बनाउने ।

२) सिक्किमझैँ दुईतिहाईको बहुमतको आधारमा बैधानिक रुपबाटै नेपाललाई भारतमा विलय गराउने ।

निर्वाचनपछि बनेको ओली सरकारको आगमनसँगै भारतले जनकपुर हाम्रो हो भन्न थालेको छ । दशगजामा रहेका जंगे पिलरहरु दिन दुई गुना र रात चार गुनाले हराउँदै छन् । भारतीय सीमा सुरक्षा बल एसएसवी विना रोकटोक नेपालभित्र छिरी ज्यादती गरिरहेको छ । यस्ता राष्ट्रघाती कार्य हुँदा समेत ओलीको सरकार कानमा तेल हालेर बस्नुले के प्रमाणित गर्छ भने उनीहरु यही दुईतिहाई बहुमतलाई प्रयोग गरी नेपालको सिक्किमीकरणको प्रक्रियालाई छोट्याइ नेपाललाई भारतमा विलय गराउन चाहन्छन् । के ओली सरकार राष्ट्रवादी हो ? हो भने यही दुईतिहाई बहुमतलाई प्रयोग गरी भारतीय आप्रवासीले पाएको नेपाली नागरिकता खारेज गरी देखाउनु पऱ्यो । त्यो गर्न सक्तैन भने स्वतः बुझिन्छ कि यो दुईतिहाइको अनावश्यक बहुमतले नेपाललाई वैधानिक रुपबाट सिक्किमकै मोड्लमा भारतमा विलय गराउँदै छ । होइन भने के का लागी चाहियो दुइतिहाईको बहुमत ?

# श्रीमद्भगवद् गीताको सर्वव्यापकता (१)



जगदीश लामिछाने
रौतहट, पौराई

गीता ज्ञान गंगा हो । अध्ययन गर्ने क्षमता यो हरफकर्तामा नभए पनि लोभबस केही कुरा लेख्न मन लागेको छ । यो सर्वधर्म सम्बन्धित छ । यसैले संसारमा कर्मयोग शास्त्रकै दृष्टिले पनि व्यापक प्रचार भएको छ । नास्तिक आस्तिक भेदरहित प्रचार हुनु यो ग्रन्थको विशेषता हो ।

यसको पहिलो अध्यायमा अर्जुनको पीर, दोस्रोमा सांख्य योग, तेस्रोमा कर्मयोग, चौथोमा ज्ञान कर्म र संन्यास, पाँचौमा कर्म संन्यास तरिका, छैटौंमा आत्मसंयम, सातौंमा ज्ञान विज्ञान, आठौंमा अक्षरब्रह्म नवौंमा राजविद्या र राज गुह्य दशौंमा भगवानका विभूतिहरु एघारौंमा विश्वरुप दर्शन छन् । बाह्रैं अध्यायमा भक्ति योग र तेह्रौं अध्यायमा क्षेत्र र क्षेत्रज्ञ वर्णन छन् । चौधौं अध्यायमा सत्व, रज, तमो गुण वर्णन र पन्ध्रौं अध्यायमा पुरुषोत्तम योग सोह्रौंमा दैवी सम्पत्ति र आसुरी सम्पत्तिका भेद बताइन्छन् । सत्रौं अध्यायमा तीन किसिमका श्रद्धा र अठारौं अध्यायमा मोक्ष संन्यासको संक्षेपीकरण भएको छ ।

टाढैबाट देखाउन र सुनाउन सक्ने क्षमता भएका सञ्जयले अन्धा राजा धृतराष्ट्रलाई यथार्थ वर्णन गरिएको रोचक प्रसंगबाट गीताको प्रवचन सुरु हुन्छ ।

कौरव र पाण्डव दुवै सेनाको बीचमा श्रीकृष्णले हाँकिएको रथ एक्कासी रोकेर सेनापति अर्जुनले यी आफन्त गुरु र भाइबन्धु मार्दिन भन्न लागे ।

*३०-४७ (अध्याय १) ।*

मान्छेले नष्ट भएको धन र मरिसकेको प्राणीको पीर गर्दैन । तर तिमी अर्जुन भने बुद्धिमान भई टोपलेर कुरा गर्दछौ । यो विवेक भएन । यी न पहिले थिए न पछि हुनेछन् । यो देहमा बालख कुमार तथा यौवनधारी मात्र होइन, बुढ्याइँको साथै अर्को देह पनि प्राप्त भइरहन्छ । त्यहाँ विवेकी विद्वानले मोहित भएर हुँदैन । यो संसारभर चिसो र तातो जस्तै सुख तथा दुःख पनि स्थिर छैनन् । परिवर्तन भइरहन्छ । असत्यबाट सत्य छेकिँदैन । ईश्वर मात्र यो संसारमा स्थिर छ र सत्य छ । अरु छैनन् । यो देह नै क्षणभंगुर हो । कसैले कसैलाई मार्ने र मारिने पनि होइन, चिन्ता नगर ।

प्रत्येक दिन दिन र क्षण क्षणमा जन्म र मृत्युको लहर चलिरहन्छ । आफ्नो धर्म अर्थात् कर्तव्य सम्झेर पनि तिमीले यो लडाइँ लड्नैपर्छ । पछि हट्नु हुँदैन । तिमी अघि बढिसकेको हुँदा काँतरता कर्तव्य होइन, तिमीलाई विरोधी महारथीहरुले र समर्थकहरुले पनि भगुरो भनेर होच्याउनेछन् । तिमी मारियौ भने स्वर्ग अर्थात् वीर गतिमा पुग्नेछौ । अरुलाई अर्थात् विरोधीहरुलाई मार्न सक्यो भने पृथ्वीमा भोग गर्नेछौ । त्यसैले सुख र दुःख एउटै भनेर लड्नु नै सांख्य योग हो । के गरौं कसो गरौं भन्नु हुँदैन । यो संसारमा सबै मानिसले आफ्नो राम्रो कर्तव्यमा यसैगरी काम गर्नुपर्छ । आफूले कर्म गर्दै जाने हो । यसो होला कि उसो होला कि भन्न हुँदैन । दुःख र सुखमा समान भाव राख्नु नै बुद्धिमानी छ । कुनै पनि कुरामा लोभ र चिन्ता नगर । त्यसैले त्यहाँ मोह पैदा गर्छ । त्यो प्राप्त नहुँदा रिस उठेर आफैं विनष्ट भइन्छ र बुद्धि नासिन्छ । यही सांख्य योग हो र यो ज्ञान पनि हो ।

*पद्य ११-७२ (अध्याय २)*

हामी आफैं प्रत्येक क्षण केही न केही कर्म गरिरहेका हुन्छौं । यस्तो काम प्रकृति आफैंले गराउँछ । त्यो हामीसँगै छ । मनले पनि काम गरिरहन्छ र इन्द्रियहरु त सक्रिय हुने नै भए । यो शरीर यात्रा पनि कर्म नै हो । यसैले राम्रो काममा आफ्ना इन्द्रियहरुलाई लगाऔं । राम्रो कामलाई नै यज्ञ भनिन्छ । देवताको पूजा, राम्रो संगत गर्नु र दानलाई यज्ञ भनिन्छ । यस्तो यज्ञले कर्ता आफैंलाई बन्धनमा पार्दैन । सम्पूर्ण कर्महरु ईश्वर ब्रह्मबाटै पैदा हुन्छन् । फलहरुमा आशक्ति राख्न हुँदैन । कुन काम गर्ने र कुन नगर्ने भन्ने कुरामा आफूभन्दा बढी ज्ञानी अर्थात् श्रेष्ठबाट सिक्नुपर्छ र सिकिरहिएकै पनि छ । यो समाज त्यस्तै त्यस्तै श्रेष्ठका अनुकरणबाट चलेको छ । श्रेष्ठ अर्थात् नेताले जति परिमाणको सक्रियता देखाउँछ, अरुले त्यत्ति परिमाणको काम मात्रै गर्दै जाने हुन् । ईश्वरको बन्दोबस्त पनि त्यस्तै छ । ईश्वर आफैंले पनि काम नगरे यो संसार चल्दै चल्दैन । मूर्खहरु नराम्रा काम गरी आफूभन्दा तलकालाई अनुकरण गराउँछन् । बुद्धिमानले लोकको भलाइको काम गर्नुपर्छ । यसो गर्दा नै संसार राम्रो हुँदै जाने हो । गुणको साथमा गुण र बैगुनको साथमा बैगुन रहेको यो संसारमा गुणकै साथमा मात्रै रहने गरौं । बैगुनको साथमा होइन, आफ्नो धर्ममा बरु मर्नु राम्रो हुन्छ । अरुलाई दुःख दिनेहरुको आचरणमा लाग्नु हुँदैन । इच्छाले जहाँ लान्छ त्यहाँ जाने होइन, इच्छालाई पनि आफ्नो बसमा राखी राम्रो काम गराउने गरौं । ऐना मयलले, आगो धूवाँले र गर्भ साललै बेरिए जसरी आगोरुपी स्वार्थले सत्यलाई नछोपौं । होस गरौं इन्द्रियभन्दा मन बाठो छ मनभन्दा पनि बुद्धि बाठो हुँदा त्यसैको अनुशरण गरौं । इच्छा मात्रले केही काम हुँदैन । त्यो इच्छा शत्रु पनि होला, त्यस्तो इच्छालाई मारेर भए पनि बुद्धिकै शरणमा जाउँ ।

*पद्य ४-४३ (अध्याय ३)*

## स्टालिन र माओको जीवनमा दृष्टि नपुगेका केही दूरगामी सवालहरू

मनसुन

# जोसेफ स्टालिन–४

एसियाली जनताको टाउकोमाथि जापानी साम्राज्यवादले युद्ध मात्र थोपरेन, जापानी सेनाले कोरिया, चीनको पूर्वी भाग, भियतनाम, कम्पुचिया, लाओस, फिलिपिन्स, थाइल्यान्ड कब्जा गर्दै बर्मासम्म आइपुगेको थियो । जापानीसाम्राज्यवादी सेनासँग कडाइका साथ मुकाबिला गर्नेमा पनिचिनियाँ कम्युनिस्ट पार्टीका लालसेनाहरू मात्र देखिए ।हुन त आठ वर्षअगिदेखि जापानी साम्राज्यवादी सेनासँग भिड्दै आएकोचिनियाँ लालसेनाले कतिपय आन्तरिक र बाह्यकारणहरूले जापानलाई चीनबाट धपाउन सकेकोथिएन । त्यो घडीमा युरोपमा शान्ति छाउन निर्णायक भूमिका खेल्ने रूसी लालसेना र त्यसको नेतृत्व गर्ने स्टालिनले जापानी साम्राज्यवादलाई ध्वस्त पार्नुपर्ने आवश्यकता देखे । युद्धले बेहालभएका दशौं करोड एसियालीजनता त्यो सङ्कटको घडीमा महान्रूसी लालसेना र सर्वोच्च कमान्डर स्टालिनको प्रतीक्षामा बसेको प्रतीत हुन्थ्यो ।

युरोपको नाजी र फासिस्ट सेनालाई भुस्कुट पार्ने रूसी लालसेना युद्धमा पूरै खारिएका थिए । उनीहरूलेरूसको सुदूरपूर्वको सहर भ्लादिभोस्तकमा १० लाख सङ्ख्यामा उत्रिएर मन्चुरियामा मूल अड्डा जमाई बसेको जापानी साम्राज्यवादी सेनामाथि युद्धको घोषणा गरे । सन् १९०५ मा जारशाहीरूसको कमजोर सेनालाई जापानले सजिलै परास्त गरेको थियो तर सन् १९४५ अर्थात् ४० वर्षपछि स्टालिनको रेखदेखमा मार्क्सवाद–लेनिनवादको कारखानाबाट उत्पादित लालसेनाका अगाडि जापानकोकेही लागेन । लालसेनाको नामैले डराएको जापानी साम्राज्यवाद तुरून्तै आत्मसमर्पण गर्न बाध्य भयो ।

हुन त कतिपयले 'जापानले आत्मसमर्पण गर्नमा अमेरिकी आणविक बम निर्णायक थियो' पनि भन्ने गरेका छन्तर वास्तविकता फरक छ ।जति नै विध्वंसकारी भए पनि इतिहासमा एक–दुइटा बम निर्णायक बन्न सक्तैनन् । रूसी लालसेना जापानी साम्राज्यवादलाई घुँडा टेकाएरै छोड्ने दृढता लिएर आएका शान्तिका वाहक थिए । यदि जापानले आत्मसमर्पण नगरेकोभए लालसेना जापानभित्रै प्रवेश गरेर सर्वोच्च सत्ता कब्जा गरी त्यहाँको कम्युनिस्ट पार्टीलाई हस्तान्तरण गर्न सक्थे, पूर्वी जर्मनीमा जस्तै ।त्यो कुरा चतुर भनौं वा छट्टु अमेरिकाले पहिले नै बुझेर विध्वंसकारी कदम चाल्यो ।त्यस कदमले अमेरिकालाई निम्न फाइदा थिए–

**पहिलो–** युरोपमा शान्ति छाउन रूसी लालसेना निर्णायक शक्ति ठहरिएझैँ एसियामा शान्ति छाउन अमेरिकी शस्त्र निर्णायक ठहरिएको देखिने ।

**दोस्रो–** एटम बमले जापानको केही भूभाग विध्वंस पारेर विश्वका जनतालाई तर्साउने ।

**तेस्रो–** जापानमा साम्यवादी सत्ता स्थापना हुन नदिने ।

जापानको हिरोसिमा र नागासाकी सहरका झन्डै दुई लाख ५० हजार जनतालाई बलिको बोको बनाएर जापानलाई आफ्नो शक्तिले आत्मसमर्पण गराएको अमेरिकी सत्ताधारी र त्यसका अनुयायीहरूले दाबी गरेपनि मूल श्रेय रूसी लालसेना र त्यसको कमान्डरजोसेफ स्टालिनलाई जान्छ । किनकि इतिहासका निर्माता बहादुर र वीर जनता हुन्, दुई–चारवटा शस्त्रास्त्र होइनन् ।

*क्रमशः*

# मैले देखेको उनन्चासौं विश्व सम्पदा :
# लण्डनको म्याडम टुसा म्युजियम


सुरेन्द्र ढकाल



लण्डनमा रहेको म्याडम टुसां म्युजियम



म्याडम टुसांको आफ्नै मूर्ति



म्युजियममा रहेको अमेरिकी स्वतन्त्रताका सेनानी बेन्जामिन फ्र्यांकलिनको मूर्ति



म्युजियममा रहेको बोरिस बेकरको मूर्ति



म्युजियममा रहेको च्याम्बर अफ होरर



म्युजियममा रहेको महात्मा गान्धीको मूर्ति



म्युजियममा रहेको हिटलरको मूर्ति




म्युजियममा रहेको लर्ड नेल्सनको मूर्ति



म्युजियममा रहेको सर वाल्टर स्कर्टको मूर्ति



म्युजियममा रहेको भोल्टेयरको मूर्ति



म्युजियममा रहेको जिन ज्याकेस रूस्सोको मूर्ति

ब्रिटिस म्युजियम हेर्दा हेर्दै दिन ढल्की हाल्यो । हामी आफनो कार लिएर क्याम्पिंग साइट तर्फ लाग्यौ । वेलुकाको खाना खाई सुत्यौ र भोलीपल्ट विहान हल्का नास्ता गरी लाग्यौ हामी लण्डन स्थित म्याडम टुसा म्युजियम हेर्न ।

**म्याडम टुसा म्युजियम**

म्याडम टुसा मैनबाट मूर्ति बनाउने सीप भएकी महिला रहिछन् । उनले बनाएका मैन जसलाई अंग्रेजीमा वाक्स भनिन्छ त्यसबाट बनेका मूर्तिहरु युरोप र विश्वकै मुख्य मुख्य शहरहरुमा भएका म्युजियमहरुमा संग्रहित भएका रहेछन् । हामीलाई भने लण्डनमा रहेको यो म्युजियम हेर्ने अवसर मिल्यो । यो म्युजियम लण्डनको मुख्य पर्यटकको आकर्षणको केन्द्रविन्दुहरुमध्ये एक रहेछ । यस म्युजियममा विशेष गरेर ऐतिहासिक र राष्ट्रिय अन्तर्राष्ट्रिय जीवन जगतमा नाम कमाएका, लोकप्रिय व्यक्तित्वहरुको मैनको मूर्ति बनाइ संग्रह गरिदो रहेछ । म त्यहाँ पुग्दा अनुहार हेरेरै मैले चिन्न सकेकोमा भारतका महात्मा गान्धी, हिटलर र विश्वविख्यात जर्मन टेनिस खेलाडी वोरिस वेकर रहेछन् । भारतीय नेता, अभिनेताहरुको पनि मूर्ति देखियो । अरुहरुको मूर्ति चाहिँ पढेर चिनियो । नेपालका भने कसैको पनि देखिएन ।

म्याडम टुसां फ्रान्सको स्ट्रास्वुर्गमा सन् १७६१ म जन्मेकी रहिछन् । उनकी आमाले पनि मैनको मूर्ति बनाउन खप्पिस वर्न स्वीटजरलैण्डका डाक्टर फिलिपसँग काम गरेकी रहिछन् । म्याडम टुसांले बनाएको पहिलो मैनको मूर्ति भनेको सन् १७७७ को फ्रेन्च दार्शनिक भोल्टेयरको रहेछ । १७ वर्षकै उमेरमा टुसां फ्रेन्च राजा लुई १४औं को बहिनी एलिजावेथलाई भर्साइको दरबारमा कला सिकाउने गर्दिरहिछन् । यही कारण दरबारसँगको उनको हिमचिम बढेको रहेछ । सन् १७८९ मा भएको फ्रेन्च राज्यक्रान्तिमा यिनीलाई पनि क्रान्तिकारीहरुले समातेर राजालाई जस्तै मार्ने योजना बनाएका रहेछन् तर एक प्रभावशाली व्यक्तिले टुसां राजपरिवारको सदस्य नभएको कला सिकाउने शिक्षक भएको भनेर बताएपछि यिनको ज्यान जोगिन गएको रहेछ । पछि उनले क्रान्तिका अर्का दार्शनिक रुसो र बेन्जामिन फ्रान्कलिनको पनि मूर्ति बनाएकी रहिछन् । क्रान्तिपछिका रेन अफ टेररका नायक रोवेस्पियरे र बेलायती राजा जर्ज तेस्रोको मूर्ति पनि बनाएकी रहिछन् । सन् १७९४ मा डाक्टर फिलिपको मृत्यु भएपछि उनले बनाएका मैनका मूर्तिहरु सबै टुसांको जिम्मामा आयो । त्यसपछि उनी ३३ वर्षसम्म युरोपका विभिन्न शहरहरुमा भौंतारिन पुगेकी रहिछन् । सन् १८०२ मा उनलाई लण्डनबाट उनीसँग भएका मैनका मूर्तिहरु प्रदर्शन गर्ने गरी निमन्त्रणा प्राप्त भएको रहेछ । त्यही क्रममा लण्डन पुगेकी म्याडम टुसा नेपोलियन युद्धको कारण कहिल्यै फ्रान्स फर्कन पाइनन् र लण्डनस्थित बेकर स्ट्रिटमा स्थायी घर बनाइ बसेकी रहिछन् ।

यस म्युजियममा रहेको च्याम्वर अफ होरर म्याडमको आफ्नै सिर्जना रहेछ जहाँ फ्रेन्च राज्यक्रान्तिबाट पीडितहरुको मैनको मूर्ति राखिएको रहेछ । त्यसैगरी नाइलको युद्धमा फ्रान्सलाई हराउने बेलायती जलसेनाका एडमिरल लर्ड नेल्सन र बेलायती उपन्यासकार सर वाल्टर स्कटमा मूर्तिहरु पर्दा रहेछन् । यस म्युजियममा ४०० मूर्तिहरु रहेकोमा सन् १९२५ को आगलागी, अनि दोस्रो विश्वयुद्धताकाको बम हमलाको कारण धेरै मूर्तिहरु क्षतविक्षत हुन पुगेका रहेछन् । उनले आफू मर्नुभन्दा अगाडि बनाएको आफ्नै मूर्ति म्युजियमको मुख्य द्वारमै राखिएको रहेछ । उनको मृत्यु सुतेकै अवस्थामा अप्रिल १६, १८५० मा भएको रहेछ ।

# प्रेरणादायी एवं कर्मठ व्यक्तित्व



## असलमान लामा

**प्रस्तुति : खगेन्द्र ढकाल**

आजकाल के गाउँघर के शहर सबै ठाउँमा वैदेशिक रोजगारको चर्चा छ । अधिकांश युवाहरु शिक्षा, रोजगारी र उज्वल भविष्यको सपना कोर्न विदेश नै जानुपर्छ, नेपालमा केही हुन्न भन्ने सोच पालेको देखिन्छ । यस बिच काभ्रेपलाञ्चोक जिल्लाको सबैभन्दा दुर्गम स्थानमा एक कर्मठ व्यक्तित्व जो हरपल "कर्म नै पूजा" को मन्त्रलाई आत्मसात गर्दै झिसमिसे बिहान देखि अबेर साँझसम्म आफ्नै गाउँमा निरन्तर क्रियाशील हुनुहुन्छ । वेलायत जस्तो विकसित राष्ट्रमा आफ्नै व्यवसाय खोलेर स्थापित भई त्यहीको नागरिक समेत भइसके पनि आफ्नै मुलुक र गाउँठाउँमा चेतनाको प्रकाश छर्न अनवरत लागि पर्ने व्यक्तित्व हुनुहुन्छ- असलमान लामा ।

काभ्रेपलाञ्चोक जिल्लाको नाग्रे गगर्चे गा.वि.स.(हाल चौरी देउराली वडा नं.२) पराकथली मा २०१३ साल मा जन्मनु भएका असलमानको बाल्यकाल सहज थिएन । आफनो गाउँमा विद्यालय नभएकोले औपचारिक शिक्षा वाट समेत वन्चित हुन पऱ्यो । स्थानिय अग्रज गंगा बहादुरसँग १३/१४ वर्ष पुगेपछि मात्र प्राथमिक स्तरको अनौपचारिक शिक्षा सुरु गर्न सफल हुनुभयो । त्यसपछि काठमाडौ आई संघर्ष गर्दै कक्षा ३ मा नन्दी रात्री मा.वि.मा भर्ना हुनु भयो ६ वर्ष को अध्ययन पछि कक्षा ९ र १० चाहि पशुपति मित्र मा.वि.बाट पढेर S.L.C सम्मको पढाई पुरा भयो । २०३९ मा S.L.C सकेर सरस्वती क्याम्पस लैनचौरमा आई.ए.मा भर्ना हुँदा २७ वर्षको भइसक्नु भएता पनि पढाईलाई सम्झौता गर्नु भएन । बरु सरस्वती क्याम्पसमा विहानका छुटेका कक्षाहरु बेलुकी रत्न राज्य क्याम्पसमा समेत लिन थाल्नु भयो ।

२०२९ सालमा काठमाडौ आएदेखि थांका लेख्ने तथा कार्पेट बुन्ने काममा संलग्न हुनुभयो । २०३८ साल तिर आफैले गलैचा कारखाना खोली संचालन गर्न समेत लाग्नुभयो । कारखाना संचालन गर्ने र पढाई समेत सँगसँगै लैजाने क्रममा करिब १८ महिनाको अवधिमा नसुति दिनरात काम गरेको र पढाई समेत गरेको विगतको अनुभव साट्न रुचाउनु हुन्छ । काठमाडौमा संघर्षपूर्ण समय बिताउने क्रममा २०५० साल तिर बेलायत जान पाउने मौका मिल्यो ।

पाँच महिना जति दाईको रेस्टुराँ "Sky Tandoori" मा काम गर्नुभयो । मिहिनेतपूर्वक काम गरेको देखेर दाईको प्रस्ताव अनुसार सोही रेस्टुराँको पार्टनर भई काम गर्नुभयो । विगतलाई सम्झदै असलमान गर्वका साथ भन्नुहुन्छ त्यहाँ दैनिक १८ घण्टा मिहिनेत गर्नुभयो । तन्दुरी सेफ हुदै उक्त रेस्टुराँको सहायक सेफ सम्मको जिम्मेवारी बहन गर्नु भयो । सन् १९९७ मा चार जना मिलेर Burighfield मा "Himalayan Hot Spot" रेस्टुराँ संचालन गर्नुभयो । रेस्टुराँको लामो अनुभव हासिल गरिसकेपछि आफू एक्लैले सन् २००१ मा Readings मा Munchees नामको रेस्टुराँ संचालन गर्न थाल्नु भयो । छोरा दावा १९९७ मा UK गएका र रेस्टुराँ संचालनको अनुभव प्राप्त गरेपछि २०१२ मा छोरा लाई नै रेस्टुराँ जिम्मा लगाएर बुवा असलमान स्वदेश नेपालनै फर्कनुभयो । UK बाट नेपाल आएपछि आफूले जानेको शीप आफ्नै गाउँको विकास र परिवेसका लागि गर्ने सोच बनाउनुभयो । साविक नाग्रे-४ मा तामाखानी अर्गानिक भिलेज संचालन गर्ने कार्यको अगुवाई गर्नुभयो । जस अन्तर्गत करिब ५० रोपनी क्षेत्रफलमा सामुहिक अर्गानिक खेती गर्ने योजनाको थालनी गर्नुभयो । उक्त फार्ममा विभिन्न किसिमका तरकारी खेती, फलफूल तथा अलैची खेती जस्ता आय आर्जन गर्न सकिने आधुनिक प्रविधी प्रयोग गरी सामुहिक खेतीको अवधारणाको सूत्रपात गर्नुभयो । यस फारममा नगदे वाली अलैंची खेती साथ साथै उच्च नश्लको भैसी तथा राँगा पालन समेत लाई प्रोत्साहन हुने गरी व्यवसायिक खेती को सूत्रपात गर्नुभयो ।

तामाखानी अर्गानिक भिलेजलाई बहुआयामिक रुपमा विकास गरी एउटै क्षेत्र भित्र आधुनिक खेती, कम्पोस्ट मल बनाउने साथसाथै काठचिरानी मिल, पिठो पिसानी मिल, कुखुराको दाना उत्पादन इतयादी कामहरु संचालन भइरहेका छन् । यस कामका लागि सहकारीताको भावना विकास गरी उक्त क्षेत्रका करिब ५० जना व्यक्तिहरुलाई समेत संलग्न गराउनु भएको छ ।

तामाखानी अर्गानिक भिलेजमा बहुआयामिक कार्यहरुलाई अघि बढाउनका लागि निश्चयनै धेरै युवाहरु परिचालन हुनु आवश्यक थियो । यस क्रममा असलमानले स्थानिय युवाहरुलाई यस योजनामा संलग्न हुन प्रोत्साहित गरिरहनु भएको छ । वर्तमान अवस्थामा अधिकांश युवाहरुको सोच र सपना वैदेशिक रोजगार नै भएकाले दिगो रुपमा यस अर्गानिक भिलेजमा वहाँका योजना लाई साथ दिने युवाका अभाव खड्किरहेकको छ । हालसम्म धेरै स्थानिय युवाहरुलाई पारिश्रमिक दिएर समेत यस योजनाका काम सिकाउन तालिम दिइ सक्नु भएको छ । यसरी शिप सिकेका युवाहरुको मन वैदेशिक रोजगारमा मात्र आकर्षित भई भिसाको पर्खाइ हुन्जेल फारममा काम गर्ने र काम गर्दाको अवधिमा समेत काममा एकाग्रता नहुने पाउनु भएको छ । स्थानिय स्तरमा काम गर्दा रोजगार भएको महसुस नगर्ने साथै घरपरिवार र समाजबाट समेत स्थानिय रोजगारीमा प्रोत्साहन नहुनु विडम्बना भएको बताउनु हुन्छ । मन लगाएर काम गरे आफनै गाउँमा बसी राम्रो आय आर्जन गर्न सकिन्छ ।

यातायात सुविधा भएकोले स्थानिय उत्पादन एकै दिनमा राजधानी सम्म पुऱ्याउन सकिने भएकोले खाडी मुलुकमा गई आर्जन गर्ने रकम यही स्वदेशमै गर्न सकिने बताउनु हुन्छ । विदेशमा जाँदा अत्याधिक गर्मीमा समेत काम गर्नुपर्ने, विचौलिया र मालिकबाट समेत ठगिने, परिवारबाट छुटिनुपर्ने, आफ्ना खेतवारी बाँझो रहने जस्ता अनगिन्ती समस्यालाई थाँती राखी खाडी मुलुक तिर रोजगारीका लागि जान जुन लहड चलेको छ यस प्रति असन्तुष्टी व्यक्त गर्नुहुन्छ । अब समय परिवर्तन भइरहेको छ । स्थिर सरकार बनेको छ । युवाहरुलाई आफनै गाउँठाउँमा रहेर स्वरोजगारका काममा लाग्न सरकारले सहुलियतपूर्ण ऋण समेत लिन प्रोत्साहित गरिरहेको अवस्था छ । आफनो गाउँघरमा काम गर्न हिनता बोध होइन गर्व गरौं भन्न चाहनुहुन्छ असलमान लामा ।

स्थानिय युवाहरु लाई समेट्न र जागरुक बनाउन शिक्षाले ठूलो भुमिका खेलेको हुन्छ भन्ने महसुस गरी स्थानिय खाँडादेवी उच्च मा.वि.को विद्यालय व्यवस्थापन समितिको अध्यक्षको रुपमा कार्यरत हुनुहुन्छ । विद्यालयमा शिक्षकहरुलाई नियमित हुन र लगनशील भई पाठ योजना समेत तयार गरी कक्षा लिन प्रोत्साहित गरिरहनु भएको छ । त्यस्तै विद्यार्थीहरुलाई आफूले आफनो युवा अवस्थामा शिक्षाको लागि दुख कष्ट झेलेर भौतारिनु परेको दृष्टान्त दिदै हाल आफनै घर आँगनमा भएको विद्यालयमा पढ्न पाउदा भाग्यमानी महसुस गरी मिहिनेत गरी जिज्ञासु भई पढ्न प्रोत्साहित गर्नुहुन्छ । प्रयोगात्मक शिक्षाबाट नै सही सिकाई उपलब्धी हुने कुरा आत्मसात गर्दै युवा विद्यार्थीहरुलाई तामाखानी अर्गानिक भिलेजमा ल्याई कम्पोस्ट मल बनाउने, विरुवा उमार्ने, व्यवस्थायिक खेती गर्ने लगायत रुची अनुसार धान पिठो पिसाउने मिल र काठ चिरानी गर्ने समेतको ज्ञान एवं तालिम लिन प्रोत्साहित गर्नुहुन्छ ।

असलमान लामाले जीवनभर अनवरत लगनशील भई निष्ठापूर्वक काम गर्नुभयो । बेलायत जस्तो विकसित मुलुकको नागरिक भई स्थाई बसोबासको सुविधा पाइरहँदा पनि वहाँको मन आफनै मुलुकमा केही गरौं भन्ने रहेको छ । त्यस्तै काठमाडौं बौद्धमा एक रोपनी क्षेत्रफलमा आफनो घर भएता पनि दुर्गम क्षेत्रमा रहेको नाग्रे मै केही गरौं भन्ने भावना लिइरहनु भएको छ । आफ्नो जहान छोराछोरीको चाहना छ दशक नाघेका परिवारका मूली व्यक्ति सुख सुविधामा रहेर काठमाडौं वा बेलायतमा बसेर बिताउन सल्लाह दिन्छन् । तर असलमान लामा अन्तिम सास रहे सम्म गाउँमा खानेपानी समस्याबाट मुक्ति पाउन, नाग्रेको विशाल पहिरोको त्रासबाट उन्मुक्ति दिन, शिक्षाको चेतना जगाउन, बृद्ध-कर्माश्रम बनाउने, युवामा चेतना जगाउने जस्ता सोचले अभावग्रस्त आफनो जन्म भूमीलाई सृजनशील सोचले सिंचन गर्न व्यस्त हुनुहुन्छ ।

उहाँको कृयाशीलता र सोचलाई स्थानिय स्तरबाट कदर एवं होस्टेमा हैंसे हुनु पर्दछ जसले गर्दा वहाँका यि कदम अनवरत रुपमा अघि बढन र वहाँको जोश जाँगरलाई अझ उर्जा थपिदै जाओस् । वहाँको सोच र कदमलाई आत्मसात् गरी अघि बढेमा अवश्यनै गाउँको मुहार फेरिनेछ र अन्ततोगत्वा मुलुकले नै सही र दिगो विकासको बाटो पहिल्याउने छ । राजा महेन्द्रले "गाऊ फर्क राष्ट्रिय अभियान" अंगिकार गरे झैं आफ्नो शिप, कौशल र सृजनशीलताको उदाहरण बन्न सक्ने असलमान जस्ता कर्मयोद्धाहरुलाई आ-आफना गाउँ बस्तीमा चेतना एवं जागरणको स्तम्भको रुपमा स्थापित गर्न सके सुखी एवं समृद्ध नव-नेपाल निर्माणको परिकल्पनालाई साकार गर्न सघाउ पुग्नेछ ।





**दाँते सोसाइटी नेपाल**
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

**Office Equipment Problems?**
Get your solution today!
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003
E-mail: crossweb@mail.com.np; www.crossweb.com.np/contact
https://www.facebook.com/crossweb.automation.3

**SOS MANPOWER SERVICE (P) LTD.**
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्
ISO 9001 JAS-ANZ
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np


**गर्मी मौसममा हुनसक्ने आगलागीका घटनाहरू र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण गर्न निम्नानुसार गर्ने गरौं ।**

- सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरू बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरूले नभेट्ने ठाउँमा राखौं ।
- खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्याँस प्रयागकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं ।
- चुरोट बिंडीजस्ता वस्तुहरू प्रयोगपश्चात् जथाभावी नफालौं र आगो राम्रोसँग निभाऔं ।
- पेट्रोल, डिजेल, ग्याँस स्टेसनको वरिपरि सलाई, लाइटरजस्ता सामग्रीको बेचबिखन तथा प्रयोग नगरौं ।
- आगलागीका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चारमाध्यममा खबर गरौं ।
- सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नी नियन्त्रक उपकरण राखौं ।
- आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा अशक्तहरूको सुरक्षामा विशेष ध्यान दिऔं ।
- आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरू चालू अवस्थामा राखौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना विभाग**

# विश्वले नियालिरहेको ट्रम-उन शिखर वार्ता



**विष्णु भट्टराई**

१२ जुनमा हुन लागेको अमेरिका-उत्तरकोरिया वार्ताले यी दुई देशबीचको कटुता मात्र होइन कि विश्वमा समय समयमा विश्वयुद्ध नै हुने त होइन भन्ने आशंकालाई पनि मेट्ने अपेक्षा गरिएको छ । यद्यपि विश्व समुदायले नै यस वार्तालाई आश्चर्यजनक र अभूतपूर्व भने मानेको छ । तर ती आश्चर्यबीचमा पनि यो सम्भावनामाथि भरोसा भने धेरैको रहेको देखिन्छ । अमेरिकी नागरिक लुकिछिपी उत्तर कोरियाको भ्रमण गरिहाल्यो भने पनि जासुसी गरेको आरोप लगाउँदै उत्तर कोरियाले पक्राउ गरी थुनामा राख्ने तथा अमेरिकाले पनि त्यसै गर्ने गरिएका कटुतामा हालैका महिना दिन यता भने धेरै कमी आएको छ । उत्तर कोरियाको भ्रमण गरेको व्यक्तिले अमेरिकाको प्रवेशाज्ञा पाउन पनि गाह्रो हुने परिस्थितिमा अहिले परिवर्तन आएको छ । किनभने महिना दिन यता यी दुवै देशका उच्च अधिकारीले नै एक अर्को देशको भ्रमण गरिसकेका छन् ।

यसरी पानी बाराबारको अवस्थाबाट परिस्थिति अघि बढिसकेको छ र यतिखेर आइपुग्दा भने यी दुवै देशका नागरिक जुन १२ को वार्ताको पर्खाइमा देखिएका छन् । दक्षिण कोरियाली नागरिकको झन् कुरै भएन । यसले एसियामा सबैभन्दा ठूलो तरंग थपेको छ । किनभने ६ रेक्टर वरिपरिको भूकम्प गयो भने उत्तर कोरियाले आणविक परीक्षण गरेर पो हो कि भनेर पहिला दक्षिण कोरिया र जापानमा पक्का गर्नुपर्दथ्यो । अब त्यसमा कमी आउने अथवा त्यस्तो त्रासको अन्त्य हुने पहिलो आशा कोरियालीलाई नै हुनेछ । त्यसले गर्दा पनि जुन १२ को वार्ताको पर्खाइ सबैभन्दा बढी एसियामा थियो ।

गत अप्रिल २७ मा दुई कोरियाबीच एउटा ऐतिहासिक भेटवार्ता भयो उत्तर र दक्षिण कोरियाली नेताबीच । उत्तर कोरियाली सर्वोच्च नेता किम जोङ उन र दक्षिण कोरियाका राष्ट्रपति मुन जाय इनबीच भएको सो भेटवार्ताले विश्वमा नयाँ आशाको सञ्चार गरेको थियो । अकस्मात र अभूतपूर्व सो वार्तामा एक ऐतिहासिक सम्झौता पनि भएको थियो । जसको कारण अमेरिका र उत्तर कोरियाबीचको वार्ताको मार्ग प्रशस्त भएको छ । यसले दक्षिण कोरियालाई मात्र नभएर उत्तर कोरियाप्रति अमेरिकाको पनि विश्वास बढाएको छ । आणविक अस्त्र उत्पादन नगर्ने, परीक्षणस्थल भत्काउने सर्त अमेरिकाले राखेको थियो । जुन कुरा उत्तरले पूरा गरेको छ । यसले आगामी वार्तामा सकारात्मक वातावरण निर्माण गर्न ठूलो सघाउ पुऱ्याउने अपेक्षा अमेरिकाले गरेको छ । नेताहरू किम जोङ उन र मुन जाय इनबीच भएको सफल वार्तापछि अमेरिका राष्ट्रपति डोनाल्ड ट्रम्प र उत्तर कोरियाली नेता किम जोङ उनबीच आगामी जुन १२ मा सिंगापुरमा वार्ता हुने बताएको हो । अहिले त्यसको तयारी दुवै तर्फबाट भएको बताइन्छ ।

उत्तर र दक्षिण कोरियाबीच भएको ऐतिहासिक तथा बृहत् शान्ति सम्झौतापछि पनि केही नमिठो वातावरणको सम्भावना देखिन थालेको थियो । केही समयअघि उत्तर कोरियाले आफ्ना शक्तिशाली आणविक परीक्षणस्थल भत्काएको केही क्षणमै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले उत्तर कोरियासँग प्रस्तावित शिखर वार्ता अहिलेलाई स्थगित भएको घोषणा एकाएक गरेका थिए । यस घोषणालाई उत्तर कोरियाले अविश्वास गरेको आरोपसमेत लगायो । पछि उत्तर कोरियाले अमेरिका, चीन, बेलायत, दक्षिण कोरियालगायतका पत्रकारलाई साक्षी राखेर सो पारमाणविक परीक्षणस्थल भत्काएपछि अमेरिकाले धोका दिएको समेत बतायो । तर, सन् १९५३ मा दुई कोरिया छुट्टिएपछि पहिलोपटक तथा ऐतिहासिक रूपमा दक्षिण र उत्तर कोरियाबीच राष्ट्रपतिस्तरमा वार्ता भएपछि दुई कोरियाली नागरिक तथा बुद्धिजीवीलगायतले तारिफ गरेका थिए ।

सिंगापुरमा हुन गइरहेको अमेरिका र उत्तर कोरियाको यस अभूतपूर्व वार्ताका लागि सिंगापुरमा कैयौं पत्रकार जम्मा भएका छन् । यस ऐतिहासिक क्षणलाई आफ्नो क्यामारमा कैद गर्न र विश्वभर त्यस वार्ताको 'कन्टेन्ट' र भावना फैलाउन सञ्चार माध्यमका प्रतिनिधिले सानो र सुन्दर देश सिंगापुरका होटल बुकिङ गर्ने काम गरिरहेका छन् । विगतका कैयौं दशकसम्म पनि विश्व समुदायबाट लगभग अलगिएर रहेको देश उत्तर कोरियामा आएको यस परिवर्तनले विश्वलाई नै चकित पारेको छ ।

अहिलेका लागि वार्ता स्थगित भएको भनी अमेरिकी राष्ट्रपति ट्रम्पले गरेको इन्कारलगत्तै उत्तरका नेता किमले आफू अमेरिकासँग जुनसुकै समय र जहाँ पनि वार्ताका लागि बस्न तयार रहेको भनी दिएको नरम अभिव्यक्तिको भने संसारले नै प्रशंसा गरेको थियो । आणविक अस्त्रको भाषाले थर्काउने गरेका उत्तरका नेताको यो अभिव्यक्तिपछि भने विश्वले नै अहिले उनको प्रशंसा गरेको छ । वार्ताप्रतिको उनको आतुरताको परिणाम पनि सकारात्मक आओस् भनेर अपेक्षा पनि गरेको छ ।

नेता किमलाई नजिकबाट हेरेका देश दक्षिण कोरिया, जापान, अमेरिकाले पनि उत्तर कोरियाको यस्तो परिवर्तनलाई सकारात्मक रूपमा स्वीकार गरेका छन् । विगतमा विश्वले गरेका अनेकौं उपायको बाबजुद पनि उत्तर कोरियामा नआएको परिवर्तन अहिले आएकोमा विश्व समुदाय पनि खुसी छ । यद्यपि, यो वातावरण बिग्रिँदैन भन्नेमा कोही शतप्रतिशत विश्वस्त हुन सक्ने अवस्था भने छैन ।





प्रस्तावित सिंगापुर वार्ताअघि उत्तर र दक्षिण कोरियाको मन्त्रीस्तरको उच्चस्तरीय बैठक भएको छ । यसअघि उत्तर कोरियाले एकतर्फी रूपमा सो वार्ता स्थगित गरेको थियो । साना कुराका निहुँ खोज्ने उत्तर कोरियाको पुरानो बानी स्वरूप दक्षिण कोरिया र अमेरिकाको सैन्य अभ्यासको विरोध गर्दै सो बैठक नबस्ने जनाएको थियो । गत शुक्रबार बसेको सो बैठकपछि पनि परिस्थितिमा सकारात्मक परिवर्तन आएको छ । दुई कोरिया र अझ विश्वको चासो त कोरियाली प्रायद्वीपमा छ ।

उता रुस र उत्तर कोरियाबीच पनि हालैका केही विकासक्रमले विश्वलाई एकातर्फ झस्काएको छ भने अर्कातर्फ वार्तामा झन् सहजता थपिने आशा पनि गरेको छ । उत्तर कोरियाली नेता किम जोङ उन शिखर वार्ताका लागि रुसी राजधानी मस्को जाने एक समाचार आएको छ भने रुसी विदेशमन्त्री सेर्गेइ लाभरोभले बिहीबार नै उत्तर कोरियाको भ्रमण गरी उच्चस्तरीय वार्ता गरेका छन् । यसबाट अहिलेलाई त्यस्ता नकारात्मक समाचार केही नआएकाले वार्ताकै वातावरण बनेको र जुन १२ कै पर्खाइमा रुस पनि रहेको भन्न सकिन्छ ।

२७ अप्रिलको दुई कोरियाली बैठक सकिएलगत्तै फेरि संसारमा अर्को एक सम्भावना र कौतूहलता निकै रफ्तारमा सञ्चार भयो, अमेरिकाले के भन्ने हो भनेर । तर, अमेरिकाको प्रतिक्रिया संसारमा यसरी आयो कि जुन अर्को विश्वले कल्पना पनि गरेको थिएन । राष्ट्रपति डोनाल्ड ट्रम्पले उत्तरका नेतासँग भेटवार्ता नै गर्ने चाहना सुनाइदिए । यसलाई उत्तरले पनि तुरुन्तै स्वीकार गऱ्यो । नेता किमले भने, 'हामी कुनै पनि समयमा अमेरिकासँग भेटवार्ता गर्न तयार छौं ।' यतिखेर यी दुई देशबीच आगामी १२ जुनमा सिंगापुरमा हुने शिखर वार्ताको तयारी हुँदै छ । यो आलेख तयार पार्दासम्म सिंगापुरमा वार्ताको पूर्वतयारीका लागि अमेरिका र उत्तर कोरियाका उच्च अधिकारी पुगेका छन् । उनीहरूले वार्ताको 'मोडालिटी' मा कुराकानी गरिरहेका छन् ।

यसरी हेर्दा लाग्छ, यो नाटकीयजस्तो लाग्ने विषयमा पनि वार्ताको तयारी हुँदै छ । केही महिनाअघि एकले अर्कोलाई खरानी बनाइदिने भनेर धाकधम्कीको दोहोरी खेलेका तथा दुई कोरिया बनेपछि नै आजका मितिसम्म राष्ट्रपतिको तहमा यसअघि कहिल्यै नभेटेका यी दुई देशका उच्च नेता भेट्न लागेको यस घटनाले विश्वको राजनीति लपक्कै तानेको छ । विश्वका ठूला मिडिया हाउसले यसलाई सिंगापुर समिट नाम दिएका छन् र त्यसको 'कभरेज' के कसरी गर्ने हो भनेर यतिखेर आआफ्ना रिपोर्टरलाई स्थलगत समाचार संकलनसहितको खटनको तालिका बनाइरहेका छन् । यसरी सधैं हत्या, हिंसा, आतंक, गोला बारुद, आक्रमण आदिको अन्तर्राष्ट्रिय समाचारको स्थानमा यतिखेर भने वार्ता र शान्ति सम्झौताले पनि केही स्थान ग्रहण गर्न खोजेको देखिन्छ ।

दुई कोरियाबीच शान्ति सम्झौता भएकै दिन २७ अप्रिलमा भारत र चीनबीच पनि अहिलेसम्मकै नवीन सम्बन्धको श्रीगणेश हुन लागेको दुवै देशका कूटनीतिज्ञले टिप्पणी गरेका छन् । त्यस दिन चिनियाँ राष्ट्रपति सी चिनपिङ र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको मध्य चिनियाँ सहर उहानमा भेट भयो । उनीहरू एकै पोसाकमा थिए र राजधानी नगई त्यही सहरमै बास बसेका थिए । प्राकृतिक सौन्दर्यका साथ दुई जना हिँडेको दृश्यले अर्कै कूटनीतिक 'कोर्स'को छनक दिन्थ्यो । त्यस समय यसअघिका भेटजस्तै भारत चीनका विगतका युद्धको स्मरण दुवैतर्फबाट भएन भने सीमा विवाद र अरू कुनै पुराना मुद्दाले टाउको दुखाउनुपरेन ।

प्राकृतिक रूपमा त्यो नगरी जति सुन्दर थियो, त्यस्तै सौहार्द यो भ्रमणले दिन खोजेको भान बाहिरबाट हेर्दा हुन्थ्यो । यसबाट लाग्थ्यो कि विगत लामो समयदेखि शत्रुता रहेका भनिएका यी दुई देशले आगामी दिनमा दुई कोरिया र अमेरिकाले जस्तो कोर्स लिए भने पनि अचम्म हुने छैन । पहिलेको निर्वाचन छिमेक सम्बन्ध सुधार्ने घोषणापत्रबाट जितेका मोदीले निर्वाचन जितेपछि त्यसो गर्न नसके पनि अब अर्को वर्ष आउन लागेको निर्वाचनअघि यसो गर्न खोजेजस्तो देखिँदै छ ।

अमेरिकासँगको वार्ताको तयारी गरिरहेको उत्तर कोरियाले सैनिक नेतृत्वमा व्यापक मात्रामा फेरबदल गरेको समाचार सोमबार सार्वजनिक भएको छ । अमेरिकासँग यही जुन १२ तारिखमा अर्थात् ४ दिनपछि वार्ताको तयारी गरिरहेको उत्तर कोरियाले यसरी सैनिक नेतृत्वमा गरेको व्यापक फेर बदललाई निकै चासोपूर्ण रुपमा लिइएको छ ।

यस चासोका कारण दक्षिण कोरिया पनि चनाखो बनेको बताएको छ । उसले वार्ताकै मुखमा आएर भएको यस फेरबदलको प्रभाव के हुन सक्ला भन्ने बारेमा पनि व्यापक मात्रामा परामर्श गरिरहेको छ । उत्तर कोरियामा सेना शक्तिशाली हुन्छ । यहाँको सेनाको प्रमुख संरक्षक सर्वोच्च नेता हुने र उहाँको विश्वासपात्र सैनिक प्रमुखमा नियुक्त हुने प्रचलन रही आएको छ ।

उत्तर कोरियाली नेता किम जोङ उनले देशका तीनजना उच्चपदस्थ सैन्य अधिकारीलाई केही दिनयता नै पदबाट हटाएर उनीहरुभन्दा तल्लो वरियताका अधिकारीलाई नियुक्त गरेको बताइएको छ । पदबाट हटाइएका प्रमुख अधिकारीमा रक्षामन्त्री पाक यङ सिक नै रहनुभएको छ । साथै उत्तर कोरियाको सेनाको चिफ अफ जनरल स्टाफ पनि हटाउनेमा पर्नुभएको छ ।

त्यसैगरी सेनाको राजनीतिक ब्युरोका प्रमुख पनि यसरी हटाउनेमा परेको खुलेको छ । सैन्य अधिकारीहरूलाई हटाइएको बारेको यो समाचार भने दक्षिण कोरियाली समाचार समिति योनहापले दिएको छ । त्यसैगरी जापानी सञ्चारमाध्यमहरुमा पनि यो समाचार आएको र नाम खुलाउन नचाहेका एकजना अमेरिकी रक्षा अधिकारीले पनि त्यसको पुष्टि गरेको बताइएको छ ।

अहिले ल्याइएका सेनाका अधिकारीहरु उत्तर कोरियाली नेता किमका नजिकका सहयोगीका साथै मध्यमार्गी रहेका बताइन्छ । तर उनीहरुलाई कहिले र किन हटाइएको हो भन्ने बारेमा भने कुनै पनि समाचार समितिहरुले स्पष्ट रुपमा समाचार सार्वजनिक गर्न सकिरहेका छैनन् ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग निशस्त्रीकरणसम्बन्धी वार्ताको तयारीमा रहेका किमलाई अमेरिकासँग वार्ता गर्न नहुने भन्ने आवाज पनि सेना भित्रैबाट उठेको समाचार यस अघि नै आएको थियो । सो वार्तामा किमलाई आफ्नो सेनाभित्रबाट त्यसको विरोध हुन सक्ने त्रास रहेको दक्षिण कोरियाली एक उच्च स्रोतले बतायो ।

उत्तर कोरियालीहरूले अमेरिकालाई साम्राज्यवादी शक्ति र उत्तर कोरियाको 'जन्मजात शत्रु' समेत भएको भन्दै प्रस्तावित वार्ताको विपक्षमा आवाज पनि दिएका थिए । तर पछिल्लो समयमा नेता किम तथा उत्तर कोरियाली सञ्चारमाध्यम पनि आगामी वार्ताका बारेमा र अमेरिकाप्रति पनि केही नरम हुँदै गएको देखिएको छ । सोही बमोजिम नै उत्तर कोरियाले वार्ताको तयारी गरिरहेको बताइएको छ ।

*(एजेन्सीहरुको सहयोगमा)*

## रोचक संसार

### अनौठो बैंक



बैंकको कुरा गर्ने बित्तिकै मनमा पैसाको हिसाबकिताब शुरु हुन्छ । तर आज हामी यस्तो बैंकको कुरा गर्दैछौं जसमा पैसा होइन, प्रेमकथा जम्मा गरिन्छ । यो बैंकको नाम नै लभ बैंक हो । हरेक वर्ष भ्यालेन्टाइन डे को अवसरमा त्यहाँ विशेष प्रदर्शनीको अयोजना गरिन्छ । त्यसबेला बैंकमा निकै भिडभाड हुन्छ । सबै प्रेमजोडीहरु आफ्नो प्रेमको कहानी लेखेर त्यहाँ जम्मा गर्दछन् ।

यस्तो लभ बैंक स्लोभाकियाको बन्स्का स्टिभनिका सहरमा रहेको छ । विश्वको सबैभन्दा लामो प्रेम कविता मरिनाको स्मरणमा यो बैंकको स्थापना गरिएको हो । विश्वको सबैभन्दा लामो उक्त प्रेमकविताका लेखक स्लोभाकियन कवि आन्द्रेज स्लेडकोविक हुन् । मारिया उनकी प्रेमिका थिइन् । मारिया जुन घरमा बस्थिन् सोही भवनमा लभ बैंक स्थापना गरिएको छ । हरेक वर्षको भ्यालेन्टाइन डे मा उक्त बैंकमा ठूलो संख्यामा प्रेमजोडीहरु आउँछन्, त्यहाँ अन्तरक्रियात्मक प्रदर्शनी हुन्छ । प्रेमजोडीहरुले आफ्नो लिखित प्रेम कहानीहरु त्यहाँ डिपोजिट गर्दछन् ।

### प्रधानमन्त्रीको महानता

हाम्रो देश तथा समाजमा ठूलाबडा तथा नेताहरु निकै सामन्ती चरित्रका हुन्छन् । तर नेदरल्याण्डका प्रधानमन्त्रीले हालै जे काम गरे, त्यसले दुनियाँका सबै राजनीतिज्ञलाई सोच्न बाध्य बनाइदिएको छ ।

प्रधानमन्त्री मार्क रुट हातमा कफीको कप समातेर संसद् बैठक कक्षतर्फ प्रवेश गर्दैथिए । अचानक एउटा भित्री ढोकामा ठोक्किए र उनको हातमा रहेको कप भुइँमा खस्यो र सबै कफी भुइँमा पोखियो । प्रधानमन्त्रीजस्तो मान्छेले चाहे जहाँ कफी पोखोस् त्यो कुनै ठूलो अपराध थिएन । उनले संसद् भवनको सफाइमा घटिने कामदारलाई कफी पोखिएको भुइँ सफा गर्न तत्कलै आदेश दिनसक्थे वा कफी पोखिएको कुरालाई नजरअन्दाज गर्न सक्थे ।

तर उनले त्यसो गरेनन् । सबैलाई आश्चर्यमा पार्दै प्रधानमन्त्री भुइँ सफा गर्ने मोप मगाए र आफैंले मोप छोपेर भुँइमा लतार्दै कफी पोखिएको ठाउँ सफा गरे । प्रधानमन्त्रीले यसो गरिरहँदा त्यहाँ उपस्थित सफाइ मजदुरहरुले ताली बजाइरहेका थिए । उनीहरु हर्षले गदगद देखिन्थे, किनकि प्रधानमन्त्रीले उनीहरुको कामको सम्मान गरिरहेका थिए ।

### सार्वजनिकस्थलमै राष्ट्रपतिको चुम्बन

काठमाडौं । फिलिपिन्सका राष्ट्रपति रोड्रिगो डुटार्टे एक सार्वजनिक कार्यक्रममा एक महिलालाई भिडबाट बोलाएर चुम्बन गरेपछि विवादमा तानिएका छन् । ७३ वर्षीय डुटार्टेले आइतबार दक्षिण कोरियामा एक सभालाई सम्बोधन गर्दैगर्दा मञ्चमा एक युवतीलाई बोलाए र चुम्बन गर्न राजी गराए । फिलिपिनी मूलका दुई महिलालाई राष्ट्रपतिको मञ्चमा एक पुस्तकको निःशुल्क प्रति दिन बोलाइएको थियो । उनले पहिले एक महिलालाई अंगालो मारे र गालामा चुम्बन गरे । त्यसपछि उनले अर्की महिलालाई ओठमा चुम्बन गरे । यो दृश्यले भीडको ध्यान आकर्षण गऱ्यो सभामा धेरैजसो दक्षिण कोरियामा कार्यरत फिलीपिनी मूलका कामदारहरु थिए । फिलिपिन्सको ग्याब्रिएला समूहले राष्ट्रपति डुटार्टेको यस्तो हर्कतको निन्दा गरेको छ । समूहले यस कार्यलाई घिनलाग्दो भन्दै डुटार्टे महिलाविरोधी भएको आरोप लगाएको छ । डुटार्टेले जसलाई चुम्बन गरेका थिए ती महिलाले भने राष्ट्रपतिको उक्त चुम्बनमा दुर्भावना जस्तो कुनै कुरा नभएको बताएकी छिन् ।

### बिहे अगाडि नै हनिमुन

भारतको एक समुदायमा बिहे अगाडि नै केटाकेटीले सुहागरात मनाउने मौका पाउँदछन् । छत्तिसगढको बस्तरमा बस्ने गोँड नामक आदिवासी समुदायमा बिहे अगाडि नै हनिमुन मनाउने अनुमति हुनछ । यो प्रथालाई घोटुल भनिन्छ । यो परम्पराको मुख्य उद्धेश्य किशोर किशोरीहरुलाई प्रशिक्षित गर्नु हो । यसका माध्यमबाट घर गृहस्थी तथा अन्य जिम्मेवारीहरुको बारेमा विवाह हुने क्रममा रहेका केटा केटीहरु दीक्षित हुन्छन् भन्ने मान्यता छ ।

घोटुल नामक यो परम्परा यस समुदायको लिंगोदेव नामक देवताले सुरु गरेको जनविश्वास छ । उनलाई लिंगोपेन भनिन्थ्यो । यो जनजाति समुदाय छत्तिसगढदेखि झारखण्ड सम्मको जंगली इलाकामा बस्दछ । घर गृहस्थी तथा वैवाहिक जिवनपछिका जिम्मेवारीका विषयमा शिक्षा लिन बिहे अगाडि नै हनिमुन मनाउने युवकलाई चेलिक र युवतीलाई मटियार भनिन्छ । गाउँको मुख्य वस्तीबाहिर झुपडीहरु बनाइएको हुन्छ । त्यहाँ बालबच्चालाई शिक्षा पनि दिइन्छ । तिनै झुप्रामा अविवाहित केटा केटीहरुले हनिमुन मनाउँदछन् ।

यसरी सुहागरात मनाउने चेलिक र मटियारको छनोट गर्ने परम्परा अझै अनौठो छ । किशोरावस्थामा पुगेको केटालाई चेलिकको रुपमा सुहागरात पठाउने तयारी गरिन्छ । त्यसपछि किशोरलाई बाँसको डोको बुन्ने काम दिइन्छ । जुन किशोरले सबैभन्दा राम्रो र कलात्मक डोको बुन्छ उसलाई सबैभन्दा सुन्दरी केटीसँग हनिमुन मनाउने मौका दिइन्छ ।

### एउटा कचौराको ४ अर्ब

चिनिया माटोबाट बनेको कचौरा झण्डै ४ अर्ब रुपैयाँमा बिकेको छ । झण्डै एक हजार वर्ष पूरानो उक्त कचौरा ३ करोड ७७ लाख डलर बराबरको रकममा लिलाम भएको हो । योसँगै यस कचौराले सबैभन्दा महंगो सेरामिक भाँडोको विश्वकिर्तिमान पनि राखेको छ । स्मरण रहोस् यति महंगोमा बिकेको यो कचौरा १ हजार वर्षअघि ब्रस सफा गर्न बनाइएको थियो । शोंग वंशका राजाहरुले दरबारमा यो कचौरा प्रयोग गर्दथे ।

चीनको चर्चित सोदबी अक्सन हाउसले उक्त कचौरा लिलाम बिक्रि गरेको हो । लिलाम बढाबढका क्रममा यसको सुरुवाती बोली नै १ करोड २ लाख डलर लागेको थियो । अन्ततः यसको अधिकतम बोली ३ करोड ७७ लाख डलर लाग्यो र सोही बोली लगाउने मानिसले यो खरीद गरे । यो कचौरा यति महंगोमा खरीद गर्ने व्यक्तिले आफ्नो पहिचान खुलाउन भने चाहेनन् । ती व्यक्ति चीनका नागरिक हुन् वा होइनन् भन्ने पनि खुलाइएको छैन । यस्तो खालका केवल ४ वटा कचौरा मात्र अहिले विश्वमा अस्तित्वमा रहेको बताइएको छ । निलो(हरियो रंगको यस कचौराको आकार १२ सेमी छ ।

### यात्रुको जिउ गन्हाएपछि...

मौसमको खराबी, जहाजको प्राविधिक गडबडी वा दुर्घटनाको जोखिम आदिजस्ता कारणले उडिरहेको जहाजको आपतकालीन अवतरण भएको त समाचार सुनिएकै हो । तर नेदरल्याण्डस्को एक जहाज भने एक अनौठो कारणले गर्दा पोर्चुगलमा आपतकालीन अवतरण गर्नुपरेको छ ।

नेदरल्याण्डको ट्रान्सेभिया एयरलाइन्सको विमानमा एक यात्रुको जिउबाट आइरहेको दुर्गन्धका कारण विमानको इमरजेन्सी ल्याण्डिङ गराउनुपरेको हो । नेदरल्याण्डको स्किपल एयरपोर्टबाट उडान भरेको जहाजलाई पोर्चुगलमा आपतकालीन अवतरण गराइयो । जबकि उक्त जहाज स्पेनको ग्रेन टापुका लागि उडेको थियो । जहाजमा चढेका एकजना यात्रुको जिउ यतिधेरै गन्हाइरहेको थियो कि जहाजमा रहेका केही यात्रु त दुर्गन्ध सहन नसकेर बेहोस समेत भएका थिए । कतिपय यात्रुले वान्ता गरिरहेका थिए । जहाजका स्टाफले जिउ गन्हाउने व्यक्तिलाई ट्वाइलेटमा थुन्ने कोसिस पनि गरे । तर दुर्गन्ध कम भएन । अन्ततः पोर्चुगलमा विमानको आकस्मिक अवतरण गरी ती व्यक्तिलाई उपचारका लागि पठाइयो ।

### पत्नीपीडित पुरुष आश्रम

लोग्नेबाट हुने हिंसा वा अन्यखाले हिंसापीडित महिलाका लागि आश्रय गृह बनेका कुरा त सुनिएकै थियो । तर भारतमा चाहिँ पत्नीपीडित पुरुषका लागि आश्रम बनेको छ । यो अनौठो आश्रम महाराष्ट्रको औरंगाबादबाट १२ किलोमिटर टाढा शिरडी मुम्बइ हाइवे छेउमा यो आश्रम रहेको छ ।

उक्त आश्रममा धेरै पत्नीपीडित पुरुषहरु बस्ने गरेका छन् । जहाँ पत्नीपीडितका लागि आवश्यक सल्लाह, कानूनी लडाइँ लड्नका लागि सहयोग पनि उपलब्ध गराइन्छ ।




यो आश्रमभित्र थर्मोकोलबाट एउटा ठूलो आकारको कागको आकृति बनाइएको छ । हरेक बिहान तथा बेलुकी उक्त कागको पूजा गरिन्छ । आश्रममा बस्ने पत्नीपीडितहरुको मान्यता छ कि पोथी कौवा फूल पारेर उडेर जान्छ । तर भाले कौवाले अण्डा तथा बच्चाको पालन पोषण गर्दछ । यस्तै अवस्था पत्नी पीडित पुरुषहरुको हुने भन्दै उनीहरुले कौवाको मूर्तिमा पुजा गर्ने गरेका हुन् ।

यो आश्रमको स्थापना भारत फुलारे नामक व्यक्तिले गरेका हुन् । उनी स्वयं पत्नीपीडित हुन् । उनकी पत्नीले उनीमाथि घरेलु हिंसाको मुद्दा दर्ता गरिराखेकी छन् । उनलाई भेट्न अहिले कोही पनि आफन्त आउँदैन । पत्नीबाट पीडित भइरहेको बेला उनले अरु चारजना आफूजस्तै व्यक्तिहरुसँग भेट गरे । त्यसपछि उनीहरु पाँचजना मिलेर यो आश्रम खोलेका हुन् । सन् २०१६ को पुरुष अधिकार दिवसको दिन आश्रमको सुरुवात गरिएको हो ।

१२ सय वर्गफिटमा यो आश्रम बनेको छ । आश्रममा ३ वटा कोठा रहेका छन् । आश्रममा बस्ने मानिस सामुहिक रुपमा बस्दछन् र आफ्नो खाना आफै बनाउँछन् । सल्लाह लिन आउने हरेक मानिसलाई खिचडी बनाएर खुवाइन्छ ।

### कलियुगका युधिष्ठिर

भारतको ओडिसास्थित बालेश्वर जिल्लामा एक सर्मनाक घटना घटेको छ । एकजना पुरुषले आफ्नै पत्नीलाई जुवाको दाउमा लगाएर हारेका छन् । घटना यतिमा मात्र सिमित रहेन । जुवा हार्ने व्यक्तिले जुवा जित्ने व्यक्तिलाई आफ्नी पत्नी सुम्पिए । अनि जित्नेले जुवामा जितेकी अर्काकी श्रीमतीलाई उनकै लोग्ने अगाडि बलात्कार गरे ।

पीडित महिलाले स्थानीय प्रहरी चौकीमा बलात्कारको उजुरी दर्ता गराएकी छन् । त्यसपछि उनका पति र जुवामा जितेर आफूलाई बलात्कार गर्ने पुरुष दुवैजना फरार छन् । ती महिलाका अनुसार गत मे २३ मा उनका लोग्ने राति ११ बजे घर आएर उनलाई आफूसँगै हिड्न भने । उनले कहाँ जाने ? भनेर सोध्दा कुनै जवाफ दिएनन् । त्यसपछि उनलाई जबरजस्ती गाउँ भन्दा बाहिर लगे, जहाँ लोग्नेका एकजना साथी पहिले देखि नै बसिरहेका थिए । लोग्नेका ती साथीलाई महिलाले पहिले देखिनै चिन्थिन् र भाइ भन्थिन् । तर अकस्मात ती पुरुषले उनको हात समातेर तान्न खोजे । उनले विरोध गरिन् । तर उनका लोग्नेले त्यो परपुरुषलाई झापड हान्नुको साटो उल्टै आफ्नै श्रीमतीको साडी फुकालिदिए अनि श्रीमतीलाई त्यहीँ जुवाडे साथीको हातमा बुझाइदिए ।

*अनलाइन खबरबाट*

प्रेरक

## जे बाँड्छौ त्यही पाउँछौ

कुनै गाउँमा एक किसान बस्थे । उनी मकैको खेती गर्थे । उनले हरेक वर्ष सबैभन्दा राम्रो मकै फलाउने किसानको पुरस्कार प्राप्त गर्दै आएका थिए । एक दिन एक पत्रिकाका संवाददाता तिनै किसानको अन्तर्वार्ता लिन उनको घर पुगे । कुराकानीका क्रममा उनले किसानसित हरेक वर्ष राम्रो मकै फल्नुको रहस्य सोधे । किसानले यसका अनेक कारण बताए । साथमा उनले आफूले हरेक वर्ष जुन बीउबाट उत्कृष्ट मकै फलाइरहेका थिए, त्यही बीउ छिमेकी किसानलाई पनि बाँड्ने गरेको बताए ।

ती संवाददातालाई किसानको जवाफ अनौठो लाग्यो । उनले आश्चर्यका साथ सोधे- तपाईंको बीउकै कारण तपाईंले हरेक वर्ष सबैभन्दा राम्रो मकै फलाउने किसानको पुरस्कार हात पार्दै आउनुभएको छ । तर त्यही बीउ अन्य किसानलाई पनि बाँडिदिनु कति बुद्धिमानी हो ? पत्रकारको प्रश्नमा हल्का मुस्कुराउँदै किसानले भने- तपाईंलाई खेती किसानीको व्यावहारिक नियमबारे थाहा छैन जस्तो छ ।

हावाले मकैको परागकणलाई परपरका खेतसम्म पुऱ्याउँछ । मेरा छिमेकी किसानले नराम्रो मकै लगाए भने त्यतिखेर तिनै नराम्रो मकैका परागकणसित सहपरागकणका कारण मेरो मकै पनि कम गुणस्तरका हुन्छन् । त्यसैले राम्रो अन्न फलाउन चाहने किसानले जहिले छिमेकीलाघई पनि सहयोग गर्नुपर्छ । यी किसानलाई छिमेकी किसानले राम्रो बीउ रोपिनन् भने आफ्नो खेतको उत्पादन समेत प्रभावित हुन्छ भन्ने राम्रो थाहा थियो । ठीक यस्तै हो हाम्रो जिन्दगी पनि । जहिले सुख शान्तिसित बाँच्ने काम गर्ने व्यक्तिले पनि आफ्ना छिमेकीको सुख र शान्तिको पनि चिन्ता गर्नुपर्छ ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् । पहिले गरेका कामबाट प्रशस्त लाभ हुनेछ । आयआर्जन बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ । कृषि, पशुपालन तथा व्यापारमा प्रशस्त फाइदा हुनेछ । चल(अचल धनको उपयोगबाट मनग्गे फाइदा उठाउन सकिनेछ । मिहिनेत गर्दा दिगो फाइदा हुने काममा जग बसाउने मौका छ ।

### बृष

राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ । मिहिनेतले जीवनशैलीमा परिवर्तन आउनेछ । लगनशीलताले कीर्तिमानी दिलाउन सक्छ । सामाजिक क्षेत्रमा नेतृत्व हातलागी हुने सम्भावना छ । व्यापारमा पनि राम्रै फाइदा हुनेछ । प्रतिष्ठित काम गर्ने अवसर मिल्नेछ । विशिष्ट व्यक्तिको सहयोग जुट्नेछ । अरूलाई प्रभावित पारेर दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ ।

### मिथुन

परिस्थितिवश चिताएको काम पूरा नहुन सक्छ । सहयोगको नाममा आफ्ना कमजोरीको फाइदा उठाउनेहरू मात्र फेला पर्नेछन् । नयाँ काम प्रारम्भ गर्न समय प्रतीक्षा गर्नुहोला । अस्वस्थताका बाबजुद कामको जिम्मेवारी बढ्नेछ । तापनि प्रयत्न गर्दा फाइदाका स्रोत पहिचान गर्न सकिनेछ । अध्यात्मभाव जागृत हुनुका साथै धर्मकर्म र परोपकारी काममा प्रवृत्त भइनेछ ।

### कर्कट

समस्याप्रति गम्भीर नबन्दा दुख्ख पाइनेछ । स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा ध्यान पुर्याउनुहोला । समस्या दर्साउँदा सहयोगी फेला पर्नेछन् । अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपरे पनि बुद्धि लगाउँदा लक्ष्य पहिल्याउन सकिनेछ । नसोचेको अवसरले जिम्मेवारी दिलाउन सक्छ । टाढिएका साथीभाइ नजिकिनेछन् भने मित्रता नै लाभको संवाहक बन्न सक्छ ।

### सिंह

काममा साथीभाइको सहयोग जुट्नेछ । धन तथा ज्ञानको भण्डार बढ्नेछ भने जीवनशैली आनन्दमय रहनेछ । अतिथिको रूपमा सत्कार पाइएला । आम्दानी बढाउने काम सुरु गर्न सकिनेछ । व्यवसायले रमाइलो यात्रा गराउन सक्छ । प्रियभेट हुनुका साथै विशेष उपहार प्राप्त होला । प्रेम र मित्रताको बन्धन कसिने सम्भावना छ । सोखले मालमत्ता जुटाउन प्रेरित गर्नेछ ।

### कन्या

रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ । मिहिनेतले राम्रै प्रतिफल दिलाउनेछ । प्रयत्न गर्दा दिगो फाइदा हुने काम हातलागी हुनेछ । चुनौती चिर्दै काम बनाउन सकिनेछ । शत्रुहरू किनारा लाग्नेछन् भने प्रतिस्पर्धामा विजयी भइनेछ । पहिले ईर्ष्या गर्नेहरूले नै सहयोग गर्न थाल्नेछन् । व्यापारलगायत आर्थिक लाभ हुने काममा मनग्गे फाइदा हुने समय छ ।

### तुला

अस्वस्थताले कमजोरीको अनुभूति हुनेछ । नयाँ काम प्रारम्भ गर्न केही समय प्रतीक्षा गर्नुहोला । प्रतीक्षित नतिजा उत्साहप्रद नहुन सक्छ । श्रम परे पनि मिहिनेतले अरूको उपकार गर्न सकिनेछ । बुद्धिको उपयोगले लक्ष्य प्राप्त हुनेछ । आम्दानीका स्रोत बढ्नेछन् भने दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ । अध्ययनमा प्रगतिका साथै ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ ।

### बृश्चिक

परिस्थिति सोचेजस्तो अनुकूल नहुन सक्छ । नजिकका साथीभाइसँग असमझदारी बढ्नेछ भने काम बिग्रने डरले सताउन सक्छ । समयमा सजग नबन्दा शुभचिन्तकहरू समेत टाढिन सक्छन् । बेसुरमा वचन दिने बानीले समस्या निम्त्याउनेछ । अप्ठ्यारो पर्दा साथ दिनेहरू कमै भेटिनेछन् । सानो भूल गर्दा मिहिनेतको फल अरूलाई सुम्पनुपर्ने अवस्था आउन सक्छ ।

### धनु

प्रयत्न गर्दा राम्रै अवसर जुट्नेछ । काममा मिहिनेतको फल प्राप्त हुनेछ । साथीभाइले राम्रै सहयोग जुटाउनेछन् । रचनात्मक काममा जुट्ने समय छ । रोकिएका काम पुनः सुरु हुन सक्छन् । पछिसम्म लाभ हुने काम प्रारम्भ गर्ने समय छ । भौतिक साधन जुट्नाले दिगो योजना प्रारम्भ होला । व्यापारमा पनि मनग्गे धनलाभ हुनेछ । सेवामूलक कामबाट प्रतिष्ठा पाइनेछ ।

### मकर

अवसर प्राप्त भए पनि समयको महत्त्व नबुझ्नाले पछि परिनेछ । अध्ययनमा धेरै समय दिन नसकिएला । अरूको मुख ताक्ने बानीले पनि काम अधुरो रहनेछ । आफ्ना कमजोरीमाथि टिप्पणी हुने समय भएकाले बोली( व्यवहारमा सजग रहनुपर्ला । व्यवहारमा शुभचिन्तकहरूको भावना बुझ्ने चेष्टा गर्नुहोला । सोखले खर्च बढाउने हुँदा अर्थ अभाव समेत देखापर्न सक्छ ।

### कुम्भ

रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । पहिलेको सफलताले थप हौसला जगाउनेछ । नयाँ कामको प्रस्ताव आउनेछ भने सहयोगीहरू प्रशस्तै भेटिनेछन् । बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ । पहिलेका कमजोरी सुधार्दै जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ । सुन्दर पहिरनका साथ व्यक्तित्व निखार्ने अवसर प्राप्त हुनेछ ।

### मीन

भैपरी आउने खर्चले चिन्ता बढाउन सक्छ । समय दिन नसक्दा बन्न लागेको कामसमेत बिग्रन सक्छ । व्यवसायमा लगानी बढाउनुपर्ला । तत्काल फाइदा लिँदा भविष्यमा नोक्सान हुने देखिन्छ । समयमा होस नपुग्नाले व्यवहारमा पछि परिएला । आफ्नाबाटै टाढिनुपर्ने परिस्थिति आउन सक्छ । अवसरका लागि निकै दौडधुप गर्नुपर्ला । यात्रा गर्ने प्रक्रिया अघि बढ्न सक्छ । अरुको धेरै विश्वास गरिहाल्नु हुँदैन ।

## पानी बाराबारको स्थितिमा कलाकार

काठमाडौं । फिल्म 'लभ स्टेशन' को घोषणा सभामा 'पानी बाराबार' रहेको अभिनेता प्रदीप खड्का र निर्देशक मिलन चाम्सले अंकमाल गर्दै देखावटी मित्रता प्रस्तुत गरेका छन् । फिल्म 'प्रेमगीत' पछि निर्देशक सुदर्शन थापा र अभिनेत्री पूजा शर्मासँग प्रदीपको बोलचाल बन्द भएको थियो । ' लिलिबिली' बाट मिलनसँग । यस्तै, उनको 'लिलिबिली' स्क्रिप्ट राइटर प्रदीप भारद्वाजसँग पनि 'पानी बाराबार' रहेको छर्लङ भएको छ ।

## नयाँ फिल्म "ब्याचलर बन्टी"

काठमाडौं । सुपरस्टार अनमोल केसीको लिड रोल रहने नयाँ फिल्मको नाम तय भएको छ । मिलन चाम्सले निर्देशन गर्न लागेको फिल्मको नाम ' ब्याचलर बन्टी' जुराइएको छ । यो नाम आइतबार चलचित्र विकास बोर्डमा दर्ता समेत गरिएको छ ।

महँगो पारिश्रमिक लिएर यस फिल्ममा अनुबन्ध भएका अनमोलको अपोजिटका लागि नायिकाको छनौट भने भइसकेको छैन । ३ करोड बढीको लागतमा निर्माण हुने यो फिल्मको छायांकन अधिकांश विदेशीभूमीमा हुनेछ । अनमोल अहिले आफ्नो छैठौं फिल्म 'क्याप्टेन' मा व्यस्त छन् । यसपछि उनले झरना थापाले निर्देशन गर्ने 'ए मेरो हजुर ३' को सुटिङ ज्वाइन गर्नेछन् र त्यस लगत्तै मिलनको यस फिल्मलाई समय छुट्याउने तालिका छ ।

'ब्याचलर बन्टी' को कथा प्रदीप भारद्वाजले लेख्दैछन् । 'ए मेरो हजुर ३' रिलिजको ठिक ६ महिनापछि मात्र यो फिल्म प्रदर्शनमा आउनेछ । उक्त फिल्मलाई मिलन र 'लिलिबिली' निर्माता सुदिप खड्काले संयूक्त रुपमा निर्माण गर्नेछन् ।

## "चि मुसी चि" पोस्टर सार्वजनिक

काठमाडौं । साउन ११ गतेलाई प्रदर्शन मिति तय गरिएको म्युजिकल थ्रिलर जनरामा निर्मित फिल्म 'चि मुसी चि' को अफिसियल पोस्टर सार्वजनिक भएको छ । टौवा क्रियशनले तयार पारेको पोस्टरमा तीन प्रमुख कलाकारहरु सुनिल क्षेत्री, सुशान्त कार्की र अलिशा शर्मा रहेका छन् ।

पोस्टरमा सुनिल र सुशान्तले सिक्स प्याक एब्स देखाएका छन् । यो फिल्मलाई निर्देशक दिनेश श्रेष्ठले लेखन तथा निर्देशन गरेका हुन् । यस फिल्मको निर्मातामा अरुण कुमार गुरुङ, महेश्वर खत्री, सुबास भुर्तेल, डब बहादुर गुरुङ छन् । यस्तै, कार्यकारी निर्मातामा शिवराज कार्की छन् भने अनिल पाण्डे र प्रिन्स युवराज कार्की प्रस्तुतकर्ता हुन् । फिल्ममा सुरज अधिकारीको संगीत रहेको छ । बासु न्यौपानेले खिचेको फिल्मको सम्पादन भूपेन्द्र अधिकारीले सम्हालेका छन् । सुनिल क्षेत्री, सुशान्त कार्की, अलिशा शर्मा, शिवराज कार्की, शेखर अधिकारी, कमली वाइवालागयतका कलाकारहरुको अभिनय रहेको फिल्ममा सुनिल क्षेत्री र विक्रम स्वाँरको कोरियोग्राफी छ ।

## चलचित्र "मालिका" धमाधम छायांकन

काठमाडौं । नायिका तथा निर्देशक रेखा थापाको मौलिक चलचित्र ' मालिका'को जाजरकोटमा छायांकन सकिएको छ । काठमाडौंबाट छायांकन सुरु भएको मालिकाको बाँकेको कोहलपुर हुँदै जाजरकोटका विभिन्न ठाउँमा छायांकन भएको हो । छायांकन सकिएसँगै 'मालिका' को ४० सदस्यीय सुटिङ यूनिट काठमाडौंमा फर्किंदै छ । जाजरकोटको सुटिङका क्रममा केही दृश्य निकै मार्मिक देखिएका छन् । सुटिङका क्रममा देखिएका त्यस्ता मार्मिक सामाजिक थयार्थले गम्भीर बनाएको चलचित्र यूनिटले बताएको छ ।

निर्माण यूनिटका अनुसार जाजरकोटको सुटिङका क्रममा बालबालिकादेखि जेष्ठनागरिकसम्म हजारौंको संख्यामा स्थानीय जम्मा भएका थिए । लक्ष्मी पूजाका दिन रिलिज गरिने यो चलचित्र महिला हिंसा र बालविवाह मुक्त नेपाल निर्माणको अभियानमा केन्द्रित रहेको बताइएको छ । चलचित्रमा जाजरकोटको कालेगाउँकी १४ वर्षीय कमला वली मुख्य भूमिकामा छिन् । उनी 'ननयाक्टर' हुन् । निर्माताद्वय रेखा र नरबहादुर कार्कीसमेत मुख्य भूमिकामै छन् ।

## "विरांगना" असारमा रिलिज

असार २९ गतेबाट रिलिज हुन लागेको चलचित्र 'विराङ्गना'को पोष्टर रिलिज गरिएको छ । एक गीत सार्वजनिक भएपछि चलचित्रको पोष्टर बाहिर आएको हो । लभस्टोरी र एक्सनको मिश्रण रहेको यो चलचित्रमा नायक अनुप विक्रम शाही, नायिका शिल्पा पोखरेल र कलाकार पृथ्वीराज प्रसाँइलाई देख्न सकिन्छ ।

यो चलचित्रमा अनुप र शिल्पा सशस्त्र प्रहरीको भूमिकामा देखिएका छन् । राजबहादुर सानेको निर्देशनमा तयार भएको नारीप्रधान यो चलचित्रमा हरिबोल लामाको छायांकन, तारा थापाको सम्पादन छ । बाबुराम दास, श्याम बहादुर थापा, रघु परियार, देव तामाङ र विमला भट्ट चलचित्रका निर्माता हुन् भने सुमि चाम्लिङ राइ यसका सह-निर्माता हुन् । चलचित्रमा दिपक शर्माको संगीत, कविराज गहतराजको नृत्य र श्री श्रेष्ठको एक्सन छ । चलचित्रको पोष्टरमा बाँदर र घोडालाई समेत देखाइएको छ । नेपाली चलचित्रमा जनावरको प्रयोग अहिले दुर्लभ हुँदै गएको छ ।

यो चलचित्रका लागि बाँदर र घोडालाई ३२ दिन छायांकन गरिएको थियो । यसैले, पनि यी दुई जनावरका लागि यसको निर्माणपक्षले महंगो रकम तिरेको वुझिएको छ ।

*(एजेन्सीहरुबाट)*

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Scrutinize = गहन रुपले विश्लेषण गर्नु He wants to be perfect and scrutinize everything in detail (ऊ खोटरहित बन्न चाहने हुँदा जे कुराको पनि गहिरियर विश्लेषण गर्दछ )

Truculence = कडा र उग्र In his speech there is always a tune of truculence (उसको भाषणमा जहिले पनि कडा र उग्रपन अभिव्यक्त हुन्छ)

Usurp = खोसेर लिनु Pervez was military general who usurped power in Pakistan (परभेज सैनिक जनरल थिए जस्ले पाकिस्तानमा राज्यशक्ति खोसेर लिए)

Vapid = पट्यारलाग्दो His vapid lecture made everyone sleepy -उसको पट्यारलाग्दो लेक्चरले सबैलाई उङ लगाइदियो)

Waft = हावामा सर्र उड्नु She seems very beautiful when wind wafts her hair (हावाले सर्र उनको कपाल उडाउँदा तिनी ज्यादै सुन्दर देखिन्छिन)

Zeal = गहिरो चाहना वा उत्सुकता Everyone must show zeal for a cause (हरेकले कुनै कारणप्रति उत्सुकता देखाउनै पर्दछ)

Alleviate = कम गर्नु Alleviating poverty has been a challenge for almost all developing countries (गरिबी कम गर्ने कुरा सबै विकाशसील राष्ट्रका लागि चुनौतिको विषय बनेको छ)

Buoyant = तैरिन सक्ने Salt water is more buoyant than fresh water (ताजा पानीभन्दा नुनिलो पानीमा वस्तु बढी तैरिन्छ (डुब्दैन)

Cogitate = विश्लेषण वा छलफल गर्नु The solution will come if we cogitate well on the problems (समस्याको राम्रो विश्लेषण गऱ्यौ भने समाधान निस्कनेछ)

Diffidence = लज्जालुपना For being successful salesman you must overcome your diffidence (सफल बिक्रेता बन्ने हो भने तिमीले आफ्नो लज्जालुपनामाथि विजय हासिल गर्नुपर्दछ)

## सामान्य ज्ञान (प्रश्नोत्तर)

एउटा खुट्टा नभएकोलाई लंगडो भनिन्छ भने दुवै खुट्टा नभएकोलाई के भनिन्छ ?
- खोरन्डो

विश्वको सबभन्दा ठूलो चिडियाखाना कहाँ छ ?
- अफ्रिका

विश्वको सबभन्दा ठूलो म्युजियम कुन हो ?
- ब्रिटिस म्युजियम

त्रिभुवन पुरस्कार पाउने प्रथम व्यक्ति को हुन् ?
- नरबहादुर भारती

नेपालमा रूखको टुप्पामा रहेको होटल कहाँ छ ?
- टाइगर टप्स, मेघौली

पृथ्वीनारायण शाहको प्रथम विवाह कति वर्षमा भएको थियो ?
- १४ वर्षको उमेरमा

'बडाहाकिम' पद कहिले खारेज भयो ?
- वि.सं. २०२३

'रजना शाह' कसको उपनाम हो ?
- रत्नराज्य लक्ष्मी शाह

संसारको सबभन्दा ठूलो मांसाहारी जनावर कुन हो ?
- भालु

शान्ति क्षेत्र प्रस्तावमा समर्थन जनाउने दोस्रो राष्ट्र कुन हो ?
- दक्षिण कोरिया

चारैतिर देख्ने जीव कुन हो ?
- छेपारो

सेतो हात्ती कुन देशमा पाइन्छ ?
- थाइल्यान्ड

फुटबलको पहिलो अन्तर्राष्ट्रिय म्याच कहिले र कस-कसका बीच भयो ?
- १ नोभेम्बर १८७२ इंग्ल्यान्ड र स्कटलेन्ड

खेलको समयमा रेफ्रीबाट सिटी बजाउने चलन कहिले सुरू भयो ?
- १८७८ ई.सं.

विश्वमा सबभन्दा बढी अन्डा उत्पादन गर्ने देश कुन हो ?
- अमेरिका

## Go बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Go out of = चलनचल्तीबाट हराउनु Bell bottom pant has gone out of fashion बेलबटम पाइन्ट चलनचल्तीबाट हराइसक्यो ?

Go on = निरन्तरता पाउनु Such problem goes on still some more years यस्तो समस्याले अझ केही वर्ष निरन्तरता पाउँछ ।

Go on with = यताउति गर्न Rs 5000 a day is enough for you in Kathmandu to be going on with काठमाडौंमा दिनको ५००० रुपैया यताउति गर्न तिम्रो लागि काफी हुन्छ ।

Go all out for = प्रयत्न गर्नु Our party will go out for victory next time अर्को पटक जित्न हाम्रो दलले ठूलै प्रयत्न गर्नेछ ।

Go for nothing = बेकार हुनु All our effort went for nothing हाम्रा सबै प्रयत्नहरु बेकार भए ।

Go to it = अगाडि बढ Go to it Ram, you will easily win राम अगाडि बढ तिमीले सजिलै विजय हासिल गर्ने छौ ।

Go from = चल्नु Where does this industry go from if the sales of its products is decreasing ? यदि उत्पादित वस्तुको बिक्री घट्दो छ भने कहाँबाट यो उद्योग चल्छ ?

Go about = तिर लाग्नु Despite the general strike called by major oppisition, they went about their regular work प्रमुख प्रतिपक्षले बन्दको आह्वान गर्दागर्दै पनि तिनीहरु आफ्नो नियमित कामतिर लागे ।

Go after = पछाडि लाग्नु Both of them are going after the same girl ती दुबैजना एउटै केटीको पछि लागिरहका छन् ।

Go against = विरुद्धमा लाग्नु You can not go against my decision if you want to continue working here तिमी यहाँ काम गर्न चाहिनैरहने हो भने मेरो निर्णयको विरुद्धमा लाग्न पाउँदैनौ ।

## सुडोकु-अंक १०५

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ५ | ६ | | ४ | | | | |
| | ३ | | | | ९ | २ | | |
| | | | ३ | | | | ६ | |
| ७ | | | ४ | ९ | | | | ३ |
| ६ | | | | १ | | | | ४ |
| ४ | | | | ३ | ५ | | | २ |
| | ७ | | | | ४ | | | |
| | | १ | ६ | | | | २ | |
| | | | | ८ | | ५ | ९ | |

## अंक १०४ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | ७ | १ | ४ | ५ | ६ | ३ | २ | ८ |
| ६ | ५ | ३ | १ | २ | ८ | ४ | ९ | ७ |
| ८ | ४ | २ | ७ | ३ | ९ | ५ | १ | ६ |
| ५ | ६ | ४ | ८ | १ | २ | ७ | ३ | ९ |
| १ | ८ | ७ | ३ | ९ | ४ | ६ | ५ | २ |
| ३ | २ | ९ | ६ | ७ | ५ | ८ | ४ | १ |
| २ | १ | ८ | ५ | ४ | ७ | ९ | ६ | ३ |
| ४ | ९ | ६ | २ | ८ | ३ | १ | ७ | ५ |
| ७ | ३ | ५ | ९ | ६ | १ | २ | ८ | ४ |

# बाल विकास समाजका शैक्षिक गतिविधि























## बालबालिकालाई शैक्षिक सामग्री वितरण

बाल विकास समाजले छात्रवृत्ति कार्यक्रम अन्तर्गत विपन्न वर्गका परिवारका तथा विविध खाले सुविधाबाट वञ्चित बालबालिकाहरुलाई औपचारिक शिक्षाको अवसर प्रदान गर्नका निमित्त आंसिक तथा निरन्तर छात्रवृत्ति सहयोग उपलब्ध गराइरहेको छ । सबै बालबालिकाहरुलाई शैक्षिक अधिकारको प्रत्याभूत शिक्षाको पूर्ण अवसर दिनु राज्यको दायित्व हो । तथापि राज्यले आफ्नो दायित्व सही रुपमा पूरा गर्न सकिराखेको अवस्था छैन । यसै परिपेक्ष्यमा उक्त कार्यलाई टेवा पुऱ्याउँदै अभिभावकलाई सही अभिभावकत्व वहनप्रति सशक्तिकरण गराउने र बालबालिकाहरुलाई शैक्षिक अवसर दिने उद्देश्यले यस समाजले वि.स.२०५४ सालदेखि औपचारिक शिक्षाका लागि छात्रवृत्ति कार्यक्रम सुरु गरेको हो । "सबैका लागि शिक्षा"भन्ने नेपाल सरकारको नीतिलाई सार्थक तुल्याउनका लागि यस कार्यक्रमले सहयोग पुऱ्याउने लक्ष्य संस्थाले लिएको छ । छात्रवृत्ति कार्यक्रम अन्तर्गत शैक्षिक वर्ष २०७५ मा काठमाण्डौ र भक्तपुर २ वटा जिल्लाका १४ वटा सामुदायिक विद्यालयमा अध्ययन गर्ने १३५ जना विपन्न वर्गका बालबालिकाहरुले औचारिक शिक्षा हासिल गर्ने अवसर पाइराखेका छन् । हाल यस कार्यक्रममा ६६ जना छात्रबृत्ति प्रदायकहरु रहेका छन् ।छात्रबृत्तिको लागि बालबालिका छनौट प्रकृयाको लागि विद्यालयसंग समन्वय गर्ने बालबालिका छनौटको लागि विद्यालयलाई पत्रचार गर्ने छात्रवृत्तिका लागि बालबालिकाहरुको नाम संकलन गर्ने सिफारीस आएका बालबालिका तथाउनिहरुको अभिभावकसंग अर्न्तकृया,सिफारीस आएका बालबालिका कार्यक्रमको लक्षित समुहमा पर्ने वा नर्पने जानकारीको लागि घर दैलो गर्ने कार्यक्रमको लक्षित समुहभित्र परेमा बालबालिका छनौट गर्ने,छात्रबृत्ति प्रदायक अनुसार बालबालिका छनौट गर्ने यस कार्यक्रमको नियम रहेको छ ।

माथिका सबै प्रकृया पुऱ्याएर बालबालिका छनौट गरीसके पश्चात बालबालिकाको परिवारको बिस्तृत विवरण खुल्ने गरी फाराम भर्ने र बालबालिकालाई बिद्यालय भर्ना गर्ने,बालबालिकालाई शैक्षिक सामाग्री वितरण गर्ने बालबालिका नियमीत बिद्यालय गए नगएको अनुगमन गर्ने, र बालबालिकाको त्रैमासिक परिक्षाको नतिजा संकलन गरी छात्रबृत्ति प्रदायकलाई रिपोर्ट सहित पेश गर्ने,बालबालिकाको प्रगति विवरण सहित केश स्टडी लेख्ने,प्रत्येक ३ महिनामा अभिभावक भेला गरी बालबालिकाका पढाईको बारेमा र उनीहरुमा आएको परिर्बतनको बारेमा जानकारी दिने पनि यस कार्यक्रम अर्न्तगत पर्दछ । यसै क्रममा बाल विकास समाजले छात्रबृत्ति कार्यक्रम अर्न्तगत काठमाण्डौ र भक्तपुरका १४ वटा सामुदायिक विद्यालयमा अध्ययनरत १३५ बालबालिकालाई शैक्षिक सामाग्री वितरण कार्यक्रम सम्पन्न गरीयो । जसमा बाल विकास समाजका अध्यक्ष कार्य समितीका सदस्यहरु, आजिवन सदस्य लगायत अन्य छात्रबृत्ति प्रदायकहरुको पनि उपस्थिती रहेको थियो । कार्यक्रम संचालन बाल विकास समाजका कार्यक्रम व्यबस्थापक प्रदिपकुमार श्रेष्ठले गर्नु भएको थियो । कार्यक्रमको शुरुमा उपस्थित छात्रबृत्ति प्रदायक तथा बाल विकासका कार्य समितीका सबैलाई आसन ग्रहण गराईयो आसन ग्रहण पश्चात बाल विकास समाजका महासचिव काजीबाबु पाण्डेज्यूले उपस्थित सबैलाई स्वागत गर्दै कार्यक्रमको बारेमा प्रष्ट पार्नु भयो साथै वाहाँले बाल विकास समाजले संचालन गर्दै आएको छात्रबृत्ति कार्यक्रमको बारेमा पनि प्रष्ट पार्नु भयो ।

कार्यक्रम संचालन बाल विकास समाजको भवनमा गरिएको हुदा बसाई व्यबस्थापनमा अलि समस्या हुने कारणले सामाग्री वितरण विद्यालय अनुसार गरिएको थियो पहिलो चरणमा बालकुमारी निमाविका ६६ जना दोस्रो चरणमा श्री नवजागृत्ति माविका १० जना तेस्रो चरणमा श्री जनकल्याण उ माविका १२ जना र चौथो चरणमा बाकी रहेका विद्यालय जस्तै पाथीभरा प्राविका ४ जना श्रम राष्टिय माविका ७ जना ग्रमशिक्षा उ माविका ४ जना आजाद मावि १ जना तेज विनायक उ मावि ३ जना शान्तिनिकेतन २ जना पद्म उ मावि २ जना अरुणोदय मावि ७ जना श्री पशुपति मित्र उ मावि १० जना यज्ञमती मावि ३ जना बाल उद्धारका ४ जनागरी जम्मा १३५ जना बालबालिकालाई शैक्षिक सामाग्री वितरण गरियो ।

छात्रबृत्ति प्राप्त गर्ने बालबालिकालाई व्याग, कपी ६० वटा ५ कक्षा सम्मकालाई ईरेजर, पेन्सिल,कलर र ड्रेसको कपडा थियो भने कक्षा ६ देखि १० सम्मकालाई कपी ६० वटा पेन मसी ज्मेट्री बक्स र ड्रेसको कपडा वितरण गरिएको थियो । आफुले छात्रबृत्तिप्रदान गरेका बालबालिकालाई स्वयम छात्रबृत्तिप्रदायकले आफ्नो हातबाट सामाग्री वितरण गर्नु भएको थियो । शैक्षिक सामाग्री वितरण पश्चात छात्रबृत्ति प्रदायकले आफुले छात्रबृत्ति प्रदान गरेका बालबालिकासंग छुट्टाछुट्टै बसी अर्न्तकृया पनि गर्नु भएको थियो । शैक्षिक समाग्री पाएर बालबालिका तथा उनिहरुका अभिभावक निकैनै खुसि भएका थिए र बाल विकास समाजलाई धन्यवाद पनि दिएका थिए ।

**प्रस्तुति : रञ्जना गौतम**

## सिंचाइ...



कुल लागत २ लाख ५ हजारको लागतमा सम्पन्न उक्त आयोजनाको लागि सुरेन्द्र ढकाल प्रतिष्ठानले रु. १ लाख २० हजार तथा स्थानीय उपभोक्ता कृषकहरुले ८५ हजार संकलन गरेका थिए । बैशाख ९ गते निर्माण सुरु भएको उक्त आयोजना जेठ १५ सम्पन्न भएको थियो । यसपश्चात अब त्यहाँको २० बिघा जमिनमा सिंचाइ सुविधा भई चार फसलसम्म अन्न र नगदेबाली सम्भव भई कृषकहरुको जीवनस्तरमा ठूलो सुधार हुने अपेक्षा गरिएको छ ।

उद्घाटन समारोहलाई प्रमुख अतिथिको रुपमा सम्वोधन गर्दै सुरेन्द्र ढकालले अब सबैले विकासको राजनीति गर्नुपर्दछ, फोस्रा नारा अनि चुनावताका पैसाको खोलो बगाएर चुनाव जित्ने परिपाटीलाई गरिब तथा निमुखा जनताले तिरस्कार गर्नुपर्छ अन्यथा नेपाल सदाका लागि कंगालको कंगाल नै रहने, भ्रष्टाचार बढ्दै जाने, नेताहरु सम्भ्रान्त वर्गमा परिणत हुँदै जाने श्रृंखला नरोकिने बताउनुभयो ।

विकासको राजनीतिलाई बढावा दिन आफूले प्रतिष्ठान खडा गरी लघु आर्थिक सामाजिक विकास आयोजनाहरुलाई आर्थिक सहयोग गरी आएको र त्यस्तो सहयोग नेकपा मालेको स्थानीय, जिल्ला, प्रदेश कमिटीहरुको सिफारिसमा मात्रै सम्भव हुने बताउनुभयो । उक्त कार्यक्रमलाई सम्वोधन गर्दै नेकपा (माले) का अर्का पोलिटब्युरो सदस्य तथा कार्यक्रमका विशेष अतिथि दिनानाथ घिमिरेले नेकपा (माले) सिद्धान्त, विचार, उद्देश्य, मार्क्सवादको सिर्जनात्मक प्रयोग तथा नेपाल चिन्तनको बारेमा जानकारी गराउनुभएको थियो । कार्यक्रममा अर्का अतिथि तथा सुरेन्द्र ढकाल प्रतिष्ठानका सचिव किरण थापाले प्रतिष्ठान किन गठन भएको हो, यस्ले के कस्ता सामाजिक तथा उत्पादनमूलक कार्यक्रममा लगानी गर्छ भन्ने कुराको जानकारी दिनुभएको थियो । हरियाली सिंचाइ बोरिङ आयोजना उपभोक्ता समितिका सचिव कृष्णा रावलले स्वागत गर्नुभएको उक्त कार्यक्रमको संचालन नेकपा मालेका ७ नं प्रदेश कमिटीका संयोजक परेक रावलले गर्नुभएको थियो ।

यसै अवसर पारेर उक्त क्षेत्रका ३१ जना विकास प्रेमी स्थानीय जनता नेकपा मालेमा प्रवेश गर्नुभएको थियो । नव प्रवेसीहरुलाई पार्टीमा स्वागत गर्दै ७ नम्बर प्रदेश संयोजक रावलले अब विकासको राजनीति गरेर फोस्रो नारामा आधारित राजनीति गर्नेहरुलाई परास्त गर्ने दिन आएको र घोडाघोडी नगरपालिका अब नेकपा मालेको आधार क्षेत्र बनी आगामी निर्वाचनसम्ममा नेकपा मालेले यस क्षेत्रमा आफ्नो नेतृत्व स्थापित गर्ने ठोकुवा गर्नुभयो ।

नवप्रवेसी स्थानीयहरुलाई पोलिब्युरो सदस्यद्वय सुरेन्द्र ढकाल तथा दिनानाथ घिमिरेले अबिर फूलमाला लगाई औपचारिक रुपमा नेकपा मालेमा प्रवेश गराउनुभएको थियो । नवप्रवेसीहरुलाई शुभकामना दिँदै नेकपा मालेको कैलाली जिल्ला कमिटीका तर्फबाट डिल्लीप्रसाद जैसीले अब नेकपा माले पश्चिम नेपालबाट उदाउने र वैकल्पिक राजनीतिक शक्ति बन्ने उद्घोष गर्नुभएको थियो । नेकपा मालेमा प्रवेश गर्ने स्थानीय व्यक्तिहरुमा सुनिता विक, लक्ष्मी रावल, बेलमति रोकाया, सरिता साउद, जमुना कठायत, दलबहादुर सार्की, लोकेश रोका मगर, गणेश रोका मगर, दिनेश रावल, भीम रावत, नवल खडका, धनकला धामी, सीता धामी, सुके रोकाया, शान्ति रावल, सरस्वती रोकाया, मिलन धामी, गोविन्द सार्की, हिक्मत खड्का, बलबहादुर घर्ती, जीवन घर्ती, पार्वती विक, पशुपति विक, इन्द्रा कठायत, निशा घर्ती मगर, धनबहादुर ऐर, गणेश सार्की, कौशिला सार्की, लक्ष्मी रोका मगर, गौरीलाल बोहरा र दुर्गादेवी कठायत हुनुहुन्थ्यो । समारोहको अन्त्यमा अक्ष्यक्षको आसनबाट सुनिता विकले उपस्थितिको लागि सबैलाई धन्यवाद दिँदै सभाको अन्त्य गर्नुभएको थियो ।

## काम चोर...

हैसियतको जोसुकै भए तापनि कारबाही गर्ने जवाफ दिएका छन् । ठेकेदार शारदाप्रसाद अधिकारीको चमत्कारिक ढंगको आर्थिक प्रगतिलाई अर्का चमत्कारिक व्यक्ति अजय सुमार्गीको प्रगतिसँगै दाँजेर हेर्ने गरिन्छ । जनयुद्धको समयमा कलंकी चोकमा २ वटा कम्प्युटर राखेर डेक्सटपको काम गर्ने र मुखमा रुमाल बाँधेर चन्दा उठाउँदै हिँडेका हिजोका अधिकारी र अहिले विभिन्न ठाउँ आलिशान महल बनाएर प्रचण्डलाई समेत डेरावाल बनाउन सफल अधिकारीको पर्दा पछाडिको कथाको रहस्य खोज्नुपर्नेमा समेत कतिपयले प्रश्न उठाउने गरेका छन् । यद्यपि शक्तिकेन्द्रको संरक्षणका कारण अधिकारीमाथि उठ्ने गरेका प्रश्नको जवाफ आउने गरेको छैन । अब छोटो अवधिमै गृह मन्त्रालयमा चर्चा कमाउन सफल गृहमन्त्री बादलले अधिकारीमाथि कस्तो कारबाही गर्छन् त्यो भने हेर्न बाँकी नै छ ।

यसैगरी लामोसाँघु-जिरी सडक खण्डको सडक चौडा पार्ने ठेक्का लिएका निर्माण व्यवसायी भीमसेन भण्डारी पक्राउ परेका छन् । उनले उक्त सडकको खाँडीचौर मुढेखण्डको ठेक्का लिएका थिए । उनले २०१७ भित्रमा उक्त सडकको निर्माण सम्पन्न गर्नुपर्नेमा अहिलेसम्म काम अलपत्र पारेका छन् ।

कतिपय ठेकेदारहरु कामविहीन अवस्थामा रहेका छन् भने कतिपय शक्तिशालीले क्षमताभन्दा बढीका काम मुलुकभर हात पार्ने गरेका छन् । दर्जनौं योजना हात पारेर अलपत्र पार्ने कम्पनीहरुका कारण मुलुकको विकास पछाडि परेको छ ।

यसैबीच सडक विभागका हाकिमहरु ठेकेदारको बचाउमा लागेका छन् । समयमा काम नगर्ने ठेकेदारलाई नियमअनुसार कारबाही भइरहेको र सडक विभागले गृहलाई कारबाहीको लागि गुहार नमागेको भनाइ पत्रकारमार्फत सार्वजनिक गरेका छन् । ठेकेदारसँग मिलेर घूस असुल्ने र योजना अलपत्र पार्दा रमिते बनेर हेर्ने अनि विकास बजेट खर्च गर्न नसक्ने कर्मचारीहरुलाई पनि कारबाही गर्न आवश्यक छ ।

## इपिजी...

१९९० मा नयाँदिल्लीको पाहुना भएर गए । तत्कालीन भारतीय प्रधानमन्त्री पिभी नरसिंह रावसँगको भेटवार्तापछि जारी संयुक्त विज्ञप्तिमा भनियो- दुवै प्रधानमन्त्रीबीच नेपाल र भारतले एक अर्काका सुरक्षा चासोलाई सम्मान गर्ने सहमति भयो । यस सन्दर्भमा दुवै पक्षले एक अर्काको सुरक्षाविरुद्ध आफ्नो भूमि प्रयोग हुन दिने छैनन् । दुवै मुलुकबीच त्यस्ता प्रतिरक्षात्मक विषयबारे साझा सहमतिमा पुग्नका लागि निरन्तर छलफल हुनेछ । भारतसँगको १९५० को सन्धिको सन्दर्भ समेत उच्चारण गरिएन ।

सन् २००० मा जुलाई ३१ देखि ६ अगस्तसम्म तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले भारतको औपचारिक भ्रमण गरे । त्यस भ्रमणका बेला सन् १९५० लगायत दुईपक्षीय मुद्दाहरुको पुनरावलोकन ६ महिनाभित्र गर्ने गरी छलफल गर्न दुवै मुलुकका परराष्ट्र सचिवलाई निर्देशन दिने सार्वजनिक भयो । सन् २००१ म दुवै देशका परराष्ट्र सचिवहरुको बैठक त बस्यो तर ठोस निष्कर्ष निस्कन सकेन । २०-२५ मार्च २००२ मा प्रधानमन्त्री शेरबहादुर देउवा दोस्रो पटक दिल्ली भ्रमणमा गएका थिए । भारतीय प्रधानमन्त्रीसँगको छलफलपछि २३ मार्चमा जारी भएको विज्ञप्तिको बुँदा २८ मा एक वर्षअघि भएको परराष्ट्र सचिवहरुको बैठक निरन्तरता दिने सहमति भएको उल्लेख छ । विज्ञप्तिमा भनिएझैं दुई देशका परराष्ट्र सचिवको बैठक बस्दै बसेन । सन् २००६ जुलाई ६-९ मा प्रधानमन्त्री गिरिजा दिल्ली भ्रमणमा गए तर १९५० को सन्धिका बारेमा कुरै भएन । दुई वर्षपछि सन् २००८, १४-१८ सेप्टेम्बरमा प्रधानमन्त्री प्रचण्ड भारत भ्रमणमा जाँदा भारतीय समकक्षी डा. मनमोहन सिंहसँग भएका सहमतिमा सन् १९५० को सन्धि उल्लेख गरियो । जनयुद्ध सुरु गर्नुअघि संयुक्त जनमोर्चाका संयोजकका रुपमा बाबुराम भट्टराईले तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवालाई बुझाएको ज्ञापनपत्रमा सन् १९५० लगायतका भारतसँगका सबै असमान सन्धि सम्झौताहरु खारेज गरिनुपर्ने माग गरिएको थियो । ३-६ कात्तिकमा तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराईले दिल्ली भ्रमण गर्दा इपिजी गठनमा भारतसँग सैद्धान्तिक सहमति भएको थियो ।

पहिलो संविधानसभा निर्वाचनले माओवादी पार्टीलाई सरकार गठन गर्ने जनादेश दियो । माओवादी अध्यक्ष प्रचण्ड गणतन्त्र नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री भए । हालका गृहमन्त्री रामबहादुर थापा बादल प्रचण्ड सरकारका रक्षामन्त्री बने । रक्षामन्त्री बादलले अवकाश हुन तीन महिना मात्र समय बाँकी रहेका तत्कालीन प्रधानमन्त्री रुक्मांगद कटवाललाई पदबाट हटाउने प्रस्ताव मन्त्रिपरिषद् बैठकमा राखे । मन्त्रिपरिषद् बैठकले कटवाललाई पदमुक्त गर्दै कुलबहादुर खड्कालाई कामु सेनापति बनाउने निर्णय गर्‍यो । राष्ट्रपति डा. रामवरण यादवले मन्त्रिपरिषद्को निर्णय उल्टाउँदै कटवाल वहाली नै रहेको पत्र बालुवाटार पठाए । सेरेमोनियल राष्ट्रपतिले सरकारको निर्णय उल्टाउने वैधानिक हैसियत राख्दैनन् । यद्यपि राष्ट्रपतिको पत्रका आधारमा कटवालले सैनिक हेडक्वाटर छोडेनन् । कटवालको पक्षमा भारतीय दुतावासले समेत लबिङ गरेको थाहा पाएपछि विदेशीसँग नझुक्ने भन्दै प्रचण्डले प्रधानमन्त्री पदबाट राजीनामा गरे । त्यसपछि प्रधानमन्त्री बनेका माधवकुमार नेपालले १८-२२ अगस्ट २००९ मा दिल्ली भ्रमण गरे । भ्रमणमा दुई पक्षबाट जारी विज्ञप्तिमा 'दुईपक्षीय सम्बन्धलाई थप मजबुत बनाउन सन् १९५० को सन्धि तथा अन्य विद्वपक्षीय सम्झौता पुनरावलोकन गर्न दुवै प्रधानमन्त्रीले सम्बन्धित परराष्ट्र सचिवलाई निर्देशन दिएको उल्लेख छ । तर दुवै देशका परराष्ट्र सचिवको बैठक कहिल्यै पनि बसेन ।

इपिजीको पहिलो बैठकमै सन् १९५० को सन्धि पुनरावलोकनको एजेन्डा नेपालले उठायो । यो सन्धि र सीमा नियमनका विषयमा इपिजी बैठकले अझै निष्कर्ष निकाल्न सकेको छैन । नेपाल १९५० को सन्धिको धारा ५ र ६ लाई सच्याउनुपर्ने भनिरहेको छ । सन्धिको धारा २ मा कुनै राष्ट्रसँग ठूलो खलबल या फाटो पर्न आई त्यसबाट दुई सरकारको बीचमा रहेको मैत्रीको सम्बन्धमा खलल पर्न जाने सम्भावना देखिएमा दुवै सरकारले परस्परमा सो कुराको समाचार दिने जिम्मेवारी कबुल गर्छन् भनिएको छ । भारतले विगतमा चीन र पाकिस्तानसँग युद्ध लड्दा नेपाललाई जानकारी दिएन । यो धाराले एक अर्काको सार्वभौम अधिकार कुण्ठित गरेको नेपालको बुझाइ छ । धारा ५ मा हातहतियार कलपुर्जा गोलीगठ्ठा खरखजना मालसामानको पैठारीको विषय उल्लेख छ । जसअनुसार नेपालले भारतबाटै हतियार किन्न बाध्य हुनुपर्ने भारतीय बुझाइ छ । नेपालले चीनबाट २०४५ मा एन्टी एयरक्राफ्ट गन ल्याउँदा राजीव गान्धीले नाकाबन्दी लगाएका थिए । धारा ६ मा भारतीयहरुलाई राष्ट्रिय व्यवहार गर्ने विषय छ । तर नेपाल यसमा सहमत छैन । नेपालको भूगोल र जनसंख्या अनुसार यस्तो सम्भव नहुने नेपाली प्रबुद्ध समूहको ठहर छ । नेपाल भारतबीच ७१ स्थानमा सीमा विवाद देखिएको छ । सबभन्दा विवाद कालापानी र सुस्तामा छ । भारत यी दुई स्थानबाहेक अन्य स्थानमा सीमा विवाद नरहेको भन्नेमा छ । अब बस्ने इपिजी बैठकले कस्तो प्रतिवेदन सरकारलाई बुझाउँछ, त्यो बहुप्रतिक्षित छ ।

## पुँजीवादको...

सत्तामा पुगे पनि उनीहरुले केही गर्न नसकेको उदाहरण खोज्न टाढा जानै पर्दैन । पश्चिम बंगालमा कम्युनिस्टहरुले ३२ वर्ष राज्य सरकार चलाए । तर त्यहाँ धनी र गरिबबीचको दूरी कहिल्यै घटेन । भारतीय कांग्रेस (आई) लगायत विपक्षी दलहरुले ज्योति बसुलाई प्रधानमन्त्री बन्न रोक्यो । न त पार्टी वा सरकारले नै पश्चिम बंगालका गरिब सर्वहारा जनताको गासबास र कपासको व्यवस्था नै गर्न सक्यो । आखिर ममता बनर्जी नेतृत्वको तृणमूल कांग्रेसले मार्क्सवादी सत्ता पल्टाइदियो । २५ वर्षसम्म त्रिपुरामा कम्युनिस्ट सरकार चल्यो, त्यो पनि भर्खरै पतन भएको छ । केरलामा पनि कम्युनिस्ट सरकार ढल्यो । कुनै बेला कांग्रेस आई पछि शक्तिशाली रहेको भाकपा मार्क्सवादी गत संसदीय चुनावमा नराम्ररी पराजित भयो । अहिले भारतमा कम्युनिस्टहरु सिला खोज्नुपर्ने अवस्था छ । भारतीय माओवादीहरुले यदाकदा झारखण्ड, छत्तीसगढतिर भारतीय सुरक्षाकर्मीहरुलाई एम्बुसमा पारेर आफ्नो अस्तित्व देखाउन खोजिरहेका छन् । यसका अलावा भारतमा कम्युनिस्ट गतिविधि शून्य छ ।

क्रान्तिद्वारा सत्तामा गएका कम्युनिस्टहरुले समाजवादमा पुग्न जसरी अधिनायकवादी बाटो लिए, त्यसले उनीहरुको पतन गरायो । कम्बोडियामा पोलपोटको पतनको दृष्टान्त सम्झिन लायक छ । पेरुको क्रान्ति उत्कर्षमा पुगेर पनि सेलायो । साइनिङपाथ नेता गोन्जालोको गिरफ्तारीसँगै पेरुको माओवादी आन्दोलनको कन्तबिजोग भयो । भियतनाममा होचि मिन्हले आफ्नै तरिकाले कम्युनिस्ट शासन चलाएकाले त्यो बाँच्यो । क्युबामा क्यास्त्रोले रुसको नक्कल गरेनन् । न त माओले चीनमा लेनिनको बाटो रोजे । देशको विशिष्ट परिस्थिति अनुसार कम्युनिस्टहरुले समाजवादको बाटो अख्तियार गर्न नसक्दा कम्युनिस्ट सत्ताहरु धराशायी भए । सोभियत संघको औपचारिक विघटनपछि सुस्ताएको विश्व कम्युनिस्ट आन्दोलन नेपालमा ज्वारभाटा भएर उठ्यो र त्यसकै जगबाट कम्युनिस्टहरु दुईतिहाई बहुमतका साथ अहिले सरकारमा छन् । तर पुँजीवादभित्र समाजवादको खोजीले समाजवादको लक्ष्य भेट्न सकिँदैन । ओली नेतृत्वको बाम सरकारले समाजवादको चित्र समेत कोर्न सक्ने छाँटकाँट छैन ।

जसरी सरकारमा रहेका मन्त्रीहरुले सम्पत्ति विवरण सार्वजनिक गरिएको छ, त्यसले प्रस्ट बताउँछ कम्युनिस्टहरु सरकारमा छैनन् । कम्युनिस्ट जलप लगाएका धनाढ्यहरु नै सरकारमा पुगेका रहेछन् भन्ने यथार्थता सबैले बुझेका छन् । गणतन्त्रको अर्थ राजाको ठाउँमा राष्ट्रपतिको बहाली होइन । गणतन्त्र भनेको समूहको शासन हो । स्थानीय, प्रादेशिक र संघीय सरकारमा रहेकाहरुले जनताको समृद्धि र सुखको चाहनालाई सम्बोधन गर्न सक्नेछन् भन्ने आशा हराउँदै गएको छ । जनताको रगत, पसिनाबाट उठाइएको करबाट जनप्रतिनिधिहरु मोबाइल र मोटरसाइकल किन्दैछन् । तुइन विस्थापन गर्न नसक्ने प्रधानमन्त्रीले समाजवादतर्फ देशलाई डोर्‍याउलान् भनेर कसरी सोच्न सकिन्छ ? देश रेमिट्यान्सले धानेको छ । वैदेशिक व्यापारघाटा कम गर्ने, उत्पादन वृद्धि गर्ने, उत्पादित वस्तुहरुको बाह्य व्यापार प्रवर्द्धन गर्ने, रोजगारीको ग्यारेन्टी, कृत्रिम कालोबजारी निरुत्साहित पार्ने जस्ता सामान्य कामहरु समेत सय दिनमा यो सरकारले गर्न सकेको छैन । प्रधानमन्त्री कुहिएका माछा नखानोस् परिवार नियोजन त्यसैले हुन्छ भन्छन् तर भारतीय सडेगलेका मर्फिन र फर्मालिन प्रयोग भएका माछा आयातमा प्रतिबन्ध लगाउँदैनन् । योभन्दा गैरजिम्मेवार कार्य अरु के हुन्छ ? पुँजीवादको गाडीमा सयर गरेर समाजवादतिर जसरी सरकार दौडिँदैछ त्यसले हुने खाने र हुँदा खानेबीचको संघर्षलाई फेरि अर्को चरणमा प्रवेश गराउँदैछ ।

## भारतीय...

छलफल भएको र थप छलफल तथा छानबीन जारी रहेको स्रोतले बताएको छ ।

## खड्काले...

त्यसपछि अदालत पुगेका उनी त्यहींको आदेशबाट निगम फर्केका थिए ।

खड्काले देशी-विदेशी तत्वले सुनियोजित षड्यन्त्र गरेको आरोप लगाए । उनले अदालतले न्याय दिए पनि मन्त्रालयमा हाजिर गराएर जिम्मेवारीविहीन बनाएको भन्दै आक्रोस पोखे । उनले आफू आएपछि निगमलाई ऋणमुक्त गराएको र ढुवानीको व्यवस्था पनि सहज बनाउँदै लगेको दाबी गरे । उनले नौ महिनासम्म विना जिम्मेवारी मन्त्रालयमा बसेकोले अब यस्तो अपमान सहन नसकिने अवस्था आएपछि राजीनामा दिएको तर्क गरे ।

खड्काले सातैवटा प्रदेशमा ५ वर्षभित्र पेट्रोलियम पदार्थ भण्डारणको काम पूरा गर्न खोज्दा विभिन्न तत्वले त्यसलाई असफल बनाएको दाबी गरेका छन् ।


# बत्तीसौं पटक रक्तदान

काठमाडौं । यस पत्रिकाका सम्पादक तथा प्रकाशक सुरेन्द्र ढकालले गत आइतबार दुर्लभ रगत बि नेगेटिभ ३२ औं पटक दान गर्नुभएको छ । सन् १९८७ देखि निरन्तर रक्तदान गर्दै आउनुभएका ढकालले २५ औं पटक रत्तदान गरेको अवसरमा नेपाल रक्तदाता संघबाट सम्मानस्वरुप सुवर्ण पिन पनि प्राप्त गरिसक्नुभएको छ । ६० वर्षको हाराहारीमा रहनुभएका ढकाल आफू अझ धेरै वर्षसम्म रक्तदान गर्न सक्षम हुने र ५० पटक रक्तदान गर्ने उद्देश्य राखेको बताउनुहुन्छ ।











# हार्दिक धन्यवाद

यस ग्रेटर नेपाल साप्ताहिकको २०७४ साल वैशाख र जेठ महिनाभित्र वार्षिक ग्राहक बनी, विज्ञापन उपलब्ध गराइ तथा अन्य सहयोग गरी राष्ट्रवाद संरक्षणको अभियानमा योगदान गर्ने निम्नानुसारका व्यक्ति तथा संस्थालाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं :

(१) नारान किराना पसल (२) सविता बस्नेत (३) खगेन्द्र ढकाल (४) जयेन्द्र रिमाल (५) बलराम सापकोटा (६) लक्ष्यबहादुर केसी (७) पुण्य पौडेल (८) प्रेम ओली (९) उपेन्द्र ढकाल (१०) विनय बस्नेत (११) वामदेव शर्मा (१२) विष्णु पराजुली (१३) इन्द्रशेखर खड्का (१४) ध्रुवतारा आयुर्वेद (१५) रामकुमार खत्री (१६) रामप्रसाद हुमागाइँ (१७) प्रा.डा. पार्थिवेश्वर तिमल्सिना (१८) सुजिता पोखरेल (१९) निरञ्जन भट्टराई (२०) शंकरकुमार श्रेष्ठ (२१) सत्यसाई केन्द्र (२२) डा. रोशाना श्रेष्ठ (२३) प्रा. साधना अमात्य (२४) मनोजित मल्ल (२५) सुशील थापा (२६) प्रा. शारदा श्रेष्ठ (२७) माणिक किराना पसल (२८) नेपाल सरकार सूचना विभाग (२९) माधव प्रधान (३०) राजेन्द्र कपाली (३१) अरूण रेग्मी (३२) भरत बजगाइँ (३३) खनाल स्टोर्स (३४) जयप्रसाद चुँडाल (३५) रामकृष्ण धिताल (३६) सम्झना पोखरेल (३७) लुम्बिनी जनरल इन्सोरेन्स (३८) विनोदकाजी श्रेष्ठ (३९) जीवन श्रेष्ठ (४०) कालीप्रसाद पोखरेल (४१) किरण शर्मा घिमिरे (४२) डा. नवर्दा खाती थापा (४३) संजय काफ्ले (४४) हिलवर्ड वचत तथा ऋण सहकारी (४५) ललित बस्नेत (४६) श्रीधर जोशी (४७) प्रा.डा. चन्द्रबहादुर जोशी (४८) माधव उपाध्याय (४९) डा. शंकर सुरी (५०) प्रा.डा. रामेश्वर अधिकारी (५१) लीलानाथ शर्मा (५२) प्यासिफिक हस्पिटालिटी एण्ड कुलिनारी एकेडेमी (५३) युवराज अधिकारी ।